## जापानले पठायो औपचारिक प्रस्ताव

काठमाडौं । जापानले नेपाललाई कामदार आपूर्तिसम्बन्धी औपचारिक प्रस्ताव पठाएको छ । जापान सरकारले नेपालको परराष्ट्र मन्त्रालयमार्फत श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा कामदार आपूर्तिसम्बन्धी प्रस्ताव पठाएको हो । गत साता मात्रै जापान सरकारले नेपालका साथै चीन इन्डोनेसिया, मंगोलिया, म्यानमार, थाइल्यान्ड, फिलिपिन्स र भियतनाम लगायतका मुलुकबाट कामदार लैजाने निर्णय बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## घाटाको व्यापार


काठमाडौं । वैदेशिक व्यापारमा नेपालले ७ रुपैयाँ बराबरको वस्तु निर्यात गरेर ९३ रुपैयाँ आयात गरेको छ । नेपालमा उत्पादन कम हुने र उत्पादित वस्तुको बजारीकरण हुन नसक्दा आयात निर्यात अनुपात फराकिलो बन्दै गएको हो । व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका अनुसार चालू आर्थिक वर्षको सात महिनामा नेपालले ६ खर्ब ६१ अर्ब रुपैयाँको आयात गरेर ४७ अर्ब ५० करोड रुपैयाँको निर्यात गरेको छ । आयात बढ्दै जानु र सो अनुपातमा निर्यात बढ्न नसक्दा बाँकी ८ पेजमा

वर्ष ७ अंक ३६, २०७५ साल पुस २० गते शुक्रबार, नेपाल संवत् ११३९ (Jan. 4, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# नेपाली राजनीतिमा वैकल्पिक शक्तिको खोजी

काठमाडौं । दुईतिहाई बहुमतको बलशाली प्रधानमन्त्री केपी ओली नेतृत्वको (नेकपा) को सरकारले लगाएको भ्रष्टाचारमा शून्य सहनशीलताको नारा गँजेडीको गफ मात्र रहेछ भन्ने कुरा वाइडबडी जहाज खरिदमा गरिएको भ्रष्टाचारले पुष्टि गरेको छ । नेकपाको सचिवालय बैठकमा केही दिनअघि सपरकारप्रति असन्तुष्टिका स्वरहरु छाएपछि प्रधानमन्त्री ओलीले भनेका थिए- 'पार्टीभित्र मात्र सरकारको विरोध भइरहेको छ । बाहिर जनता वाही वाही गरिरहेका छन् । सरकार यत्रतत्र सर्वत्र भेटिएको छ । तर 'सरकार भेटिया न्याय भेटिएन' लेखिएको बलात्कारपछि हत्या गरिएकी कञ्चनपुरकी १३ वर्षीया किशोरी निर्मला पन्तको तस्बिर अंकित भित्तामा टाँसिएका पोस्टर च्यातेर आफ्नो लाज छोप्न सरकार हतास बन्नु नै सरकारको उपस्थिति देखिएको छ । त्यस अलावा आफ्नो दश महिने कार्यकालमा सरकारले सम्झिन लायक कुनै पनि काम गरेको पाइँदैन । 'सुखी नेपाली समृद्ध नेपालको लोकप्रिय नारा दिएको सरकारले त्यसका लागि एउटा पनि ठोस कार्ययोजना ल्याउन सकेको छैन । बरु वाइडबडी भ्रष्टाचार काण्डले सरकारको छवि धूमिल भएको छ ।

नेपाली जनताले गत संसदीय, प्रादेशिक र स्थानीय निर्वाचनमा नेपाली कांग्रेसको विकल्पका रुपमा नेकपालाई रोजे । तर जुन जोगी आए पनि कान फट्टा' भनेझैं नेकपा नेतृत्वको सरकार पनि विगतको कांग्रेस सरकारभन्दा कुनै पृथक देखिएन । आफ्नो चुनावी घोषणापत्रमा जनतासमक्ष गरिएका वाचाहरुलाई यसले पूरा गरेन । पुस महिनामा हनुमान नगरमा पानीजहाजको टिकट काटेर दोलखा घुम्न आउन प्रधानमन्त्रीले भनेका थिए । पानीजहाजको त्यो सपना पागलको सपना जस्तै भएको छ । रेल, मेट्रो रेल, मनोरेलका महत्वकांक्षी योजनाहरु प्रधानमन्त्रीले नेपाली जनतालाई सुनाए । तर ती 'गफै त हो नि ससुरा सुन्नोस न' भन्ने भनाइ चरितार्थ भएको छ । देशको वर्तमान अर्थतन्त्रले रेमिट्यान्सको सहयोगमा सास धानिरहेको छ । विकास तथा निर्माणका ठूला योजनाहरु विदेशीको ऋण र लगानीमा बनिरहेका छन् । देशका २१ दशमलव ६ प्रतिशत जनता गरिबीको रेखामुनिको जीवनयापन





गरिरहेका छन् । राज्यले रोजगारी सिर्जनामा उचित लगानी गर्न नसक्दा पचास लाख बढी युवा जनशक्ति विदेश पलायनमा छ । पूर्वाधार विकास निर्माण तथा सामाजिक रुपान्तरणका लागि भन्दै लिएको विदेशी ऋणको भार बढेर अहिले हरेक नेपालीको टाउकोमा २२ हजार १ सय २९ रुपैयाँ ४१ पैसा विदेशी ऋण थोपरिएको छ । यता सरकार भने पूर्व विशिष्ट अधिकारीलाई सेवा सुविधा थप गर्छ । राष्ट्रपतिका लागि डेढ अर्बको हेलिकप्टर र १४ करोडको महँगो र विलासी गाडी खरिद गरिरहेको छ ।

भ्रष्टाचार र राज्यकोष दोहनमा लिप्त नेकपाको सरकारप्रति जननैराश्यता बढेको बढ्यै छ । नेकपाको हविगत आगामी दिनमा पश्चिम बंगालको मार्क्सवादी पार्टीकै जस्तो हुने देखिँदैछ । नेपाली जनता अब नेकपाको विकल्पको खोजीमा देखिएका छन् । नेकपाको विकल्प फेरि नेपाली कांग्रेस हुन सक्दैन । विकल्पका रुपमा देखिएका नयाँ शक्ति र साझा विवेकशील निर्वाचनको कसीमा नक्कली प्रमाणित भइसकेका छन् । नेकपा (माले) फेरि उठ्ने जमर्कोका साथ आफ्ना गतिविधिलाई तेज गरिरहेको छ । यता विप्ल व नेतृत्वको नेकपा संसदीय व्यवस्थाकै विकल्प दिने भन्दै एकीकृत क्रान्तिको लाइनमा अघि बढिरहेको छ । जनमोर्चा नेमकिपा लगायतका राष्ट्रवादी वाम घटकहरुलाई मिलाएर अघि बढ्ने प्रयत्न नेकपा मालेले यदि गर्ने हो भने सत्तारुढ नेकपाको विकल्प बन्न सक्ने सम्भावना प्रचुर छ । नेपाली राजनीतिमा नयाँ शक्तिको खोजी भइरहेको छ । नेकपा माले वा नेकपा (विप्लव) मध्ये कसले बाजी मार्ने हो त्यो भविष्यकै गर्भमा छ ।

भौतिक सुख र आनन्दबाट विमुख मानव जातिको ठूलो हिस्सा पेटको अग्निज्वाला समनका खातिर निरन्तर संघर्षरत छ । विज्ञान र प्रविधिका विस्मयकारी उपलब्धिसँग उनीहरु सरोकार मात्र राख्न सक्छन् तर त्यसको पहुँचको हैसियतमा छैनन् । मान्छे भएर मान्छेझैं जिउनका निम्ति विश्वभरका उत्पीडित श्रमजीवी जनताको हुँकारले विश्व पुँजीवादलाई लल्कारी रहेको अहिलेको अवस्थामा नेपाली शोषित पीडित र श्रमजीवी जनता त्यसबाट अछुत रहन सक्ने कुरै भएन । हुँदा खाने बहुसंख्यक नेपाली जनता हुने खाने अल्पसंख्यक, शोषक, सामन्त र दलाल पुँजीपतिहरुको चर्को शोषण, दमन र उत्पीडनबाट मुक्त हुन अझै निर्मम संघर्ष गर्नैपर्ने परिस्थिति छ । मुक्तिकामी नेपाली जनताको इच्छा, चाहना र अभिष्टतालाई पुनर्गठनको पूरा गर्न वैकल्पिक राजनीतिक शक्तिको खाँचो रहेको राजनीतिक विश्लेषकहरुको ठहर छ ।

नेपाली जनताले इतिहासको विभिन्न कालखण्डमा मुक्ति र स्वतन्त्रताका खातिर संघर्ष गरेको पाइन्छ । १०४ वर्षे निरंकुश जहाँनियाँ राणाशासन विरुद्ध नेपाली जनताले २००७ सालमा निर्मम लडाइँ लडे । रैतीबाट नागरिक भएर बाँच्ने चाहनाले उठेको जनक्रान्तिलाई अन्ततः दिल्ली सम्झौताबाट जबर्जस्त तुहाइयो । राजा, राणा र कांग्रेसबीच भारतीय विस्तारवादले आफ्नो रोहवरमा त्रिपक्षीय सम्झौता गराएर गणतन्त्रका लागि उठेको जन अग्निशिखालाई जबर्जस्त निभाउने षड्यन्त्र गऱ्यो । नेपाली जनताले दिल्ली सम्झौता धोका हो भन्दै त्रिपक्षीय बाँकी ८ पेजमा

## कोसी उच्च बाँधमा भारतको जोड

काठमाडौं । कोसी बाढी न्यूनीकरण र सिंचाइ प्रबर्द्धनका लागि चतरामा बाँध निर्माण गर्ने विषयमा करिब २ सय ४० वर्ष अगाडिबाटै अध्ययन सुरु हुन थालेको पाइन्छ । सन् १७७९ मा मेजर जनरल रेनालको अध्ययन रिपोर्ट, सन् १८६३ मा जेम्स फर्गुसनको रिपोर्ट तथा सन् १८९० र १८९१ को बाढीको प्रभाव मूल्यांकन समेतका आधारमा ब्रिटिस इन्डियाले बराह चतरा क्षेत्रमा बाँध निर्माण गर्ने सहमति मागेको थियो । तत्कालीन राणा प्रधानमन्त्री वीरशमशेरले सन् १८९७ फेब्रुअरी २७ मा बराह धार्मिक क्षेत्रलाई असर नगर्ने गरी कोसीमा बाँध बाँध्ने सहमति दिएका थिए ।

सन् १९५१ म एसपी मजुमदारले चतरामा करिब २६ मिटर अग्लो बाँध बनाएर बाढी न्यूनीकरण, सिंचाइ र ६८ मेगावाट विद्युत् उत्पादन गर्ने योजना सिफारिस गरेका थिए । तर ती तमाम अध्ययन र प्रतिवेदनलाई पन्छाएर भारतले सन् १९५३ डिसेम्बर १४ मा जल तथा ऊर्जा आयोगले नेपाल भारत सीमा क्षेत्र (हनुमाननगर-भारदह) मा ब्यारेज बनाउन गरेको प्रस्ताव संसदमा जानकारी गरायो । लगत्तै २५ अप्रिल १९५४ मा नेपाल र भारतबीच कोसी सम्झौतामा हस्ताक्षर भयो ।

चतरामा उच्च बाँध निर्माण भएको भए डुबान कम हुन्थ्यो । बस्ती पनि कमै मात्रामा विस्थापित हुन्थे । भारततर्फ लगिने नहरहरु सुनसरी तथा सप्तरी हुँदै बगिरहेका हुन्थे । सुनसरी मोरङ सिंचित क्षेत्रमा सिंचाइ सुविधा र सप्तरीतर्फ चन्द्रनहरको सिंचित क्षेत्र विस्तारको अनुमान लगाउन सकिन्छ । बाँधबाट उत्पादन हुने विद्युत गृह पनि नेपालमै हुन्थ्यो । नेपालमा खपत नभएको विद्युत् भारत निर्यात हुन्थ्यो । बाँधको कन्ट्रोल नेपाल भारत संयुक्त प्रविधिबाट चतराबाट हुने थियो । तर भारत पक्षको कपटपूर्ण चलाखीले कोसी बाँध स्थल सीमा क्षेत्रमा पारियो र ब्यारेज समेत दुई माइल नेपाली क्षेत्रमा पूर्ण रुपमा भारतको कन्ट्रोलमा राखियो । अहिले विहारको दुःख हराएको छ । नेपाली भूमि डुबानमा परेको छ ।

सन् १९९१ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कोसी उच्च बाँधको अध्ययन अगाडि बढाउन अनुमति दिएका थिए । पछि सन् १९९६ मा शेरबहादुर देउवाको भारत भ्रमणको संयुक्त वक्तव्यमा कोसी उच्च बाँधलाई महत्वका साथ उठाइएको थियो । कोसी उच्च बाँधमा सुनकोसी र कमला नदी पनि जोड्न भारतीय पक्ष राजी नभए पनि नेपाली प्राविधिकहरुले चर्को विरोध गरेपछि मात्र सुनकोसी कमला डाइभर्सन कोसी उच्च बाँकी ८ पेजमा

## जर्मन दुतावासको सांगीतिक कार्यक्रम






काठमाडौं । गत डिसेम्बर २९ तारिख शनिबारका दिन काठमाडौंस्थित जर्मन दुतावासले ह्यात रिजेन्सी होटलमा एक सांगीतिक कन्सर्ट कार्यक्रमको आयोजना गऱ्यो । नेपाल जर्मन कुटनीतिक सम्बन्ध स्थापना भएको ६० औं वर्षगाँठ मनाउने सिलसिलामा उक्त कार्यक्रमको आयोजना भएको थियो ।

जर्मनीको स्टुटगार्ट चेम्बरकन्सर्ट समूहले प्रस्तुत गरेको उक्त सांगीतिक कार्यक्रममा भायोलिन वादन गरिएको थियो । भायोलिन वादन गरी नेपाली तथा जर्मन राष्ट्रिय गान प्रस्तुत भएपश्चात शुरु भएको उक्त कार्यक्रम दुई घण्टासम्म चलेको थियो । उक्त अवसरमा जर्मन सांगीतिक समूहसँग सातै प्रदेशबाट छानिएका नेपाली संगीत वादक युवायुवतीहरुले रेशम फिरिरी भन्ने नेपाली गीतको संयुक्त रुपमा भायोलिन वाद्यवादन गरेका थिए ।

बाँकी ८ पेजमा

## १८ उद्योगलाई कारवाही

काठमाडौं । गुणस्तरहीन वस्तु उत्पादन गर्ने १८ उद्योगलाई नेपाल गुणस्तर तथा नापतौल विभागले कारवाही गरेको छ । विभागले चालू आर्थिक वर्षमा गुणस्तर मापदण्डलाई पूरा नगरी सामान उत्पादन गर्ने उक्त उद्योगलाई कारवाही गरेको हो ।

कारवाहीमा परेका उद्योगमा घोराही सिमेन्ट प्रालि दाङ, नारायणी माइक्रो पाइप उद्योग प्रालि बारा, नवनेपाल प्लाष्टिक उद्योग, नारायणी सिमेन्ट उद्योग प्रालि बारा, मेगा सिमेन्ट प्रालि झापा, लक्ष्मी स्टिल प्रालि नवलपरासी, काठमाडौं स्टिल प्रालि नवलपरासी, गणपति वनस्पति प्रालि बारा, इन्टरनेशनल सिमेन्ट प्रालि वीरगञ्ज, गोरखाली सिमेन्ट उद्योग प्रालि झापा, अन्नपूर्ण सिमेन्ट कम्पनी प्रालि मोरङ, गोल्डेन ब्याट्री प्रालि मोरङ, सुगम मेनिफेक्चर काठमाडौं, एम जेपी सिमेन्ट प्रालि कपिलवस्तु, गणपति सिमेन्ट प्रालि कपिलवस्तु, होङ्सी सिमेन्ट उद्योग नवलपरासी, अर्घाखाँची सिमेन्ट उद्योग रुपन्देही र शुभश्री जगदम्बा सिमेन्ट उद्योग बारालाई कारबाही गरेको छ ।

## साढे ४ अर्ब घोटालामा अख्तियार अघि बढ्ला ?

काठमाडौं । नेपाल वायु सेवा निगम ठूला भ्रष्टाचारीहरुको क्रिडाभूमि बन्दै आएको छ । विश्वमै चर्चित बनेको थाई एयरसँगै स्थापना भएको 'शाही नेपाल वायु सेवा निगम' गणतन्त्रपछि नेवानिमा परिणत भएको हो । पञ्चायत कालमा निकै चर्चामा रहेको र बहुदलीय व्यवस्थासँगै पतनको बाटोतर्फ लागेको निगमलाई ठूला भ्रष्टाचारीले घुँडा टेकाएका थिए । डा.सुरेन्द्र केसीका शब्दमा भन्ने हो भने 'हिलोमा बसेको भैंसी जस्तो' बनेको निगममा अहिले फेरि साढे चार अर्ब घोटाला भएको तथ्यांक सार्वजनिक भएपछि निगमलाई फेरि तङ्ग्रिएर उठ्न साँच्चीकै ठूलो संकट परेको छ । धमिजा काण्ड, लाउडा काण्ड, चेज एयर काण्ड हुँदै अर्बौं घोटालाका व्यथा भोगिसकेको निगममा नयाँ नेपाल बनाउने ठेकेदारहरुले फेरि साढे चार अर्बको घोटाला गरेर आफ्नो सक्कली अनुहार छर्लंग देखाइसकेका छन् । संसदीय छानबिन समितिले नेपाल वायु सेवा निगमका दुईवटा वाइड बडी विमान खरिदमा चार अर्ब ३५ करोड ५६ लाख रुपैयाँ घोटाला भएको बाँकी ८ पेजमा

## फ्रि तिब्बत आन्दोलन चर्काउने तयारी

काठमाडौं । नेपालमा जहिले पनि चिनियाँ चासो उसको आन्तरिक सुरक्षामा देखिने गरेको छ । मूलतः संसारको छानो उपनामले चिनिने तिब्बतलाई अमेरिका लगायत पश्चिमा शक्ति राष्ट्रहरुको चीनको मानचित्रबाट अलग गराउने रणनीतिसँग चीन परिचित नै छ । नेपाली भूमिलाई प्रयोग गरी चीन विरोधी गतिविधि विगतमा भएका कारण नेपालको बाँकी ८ पेजमा

समय-सन्दर्भ

## लोकतन्त्र भनेको नाङ्गै हुनु हो ?

राजन कार्की

लोकतन्त्र बोक्नेहरुलाई इम्परर न्यू क्लोथको बादशाह जस्तो नाङ्गै पो देखियो । पञ्चायतभन्दा भिन्न, बहुदलभन्दा उम्दा हुनुपर्ने हो लोकतन्त्र, जनताको सन्तुष्टी खोजिएन, जनमतको संवोधन र सम्मान भएन, मर्यादासमेत राख्न सकिएन । लोकतन्त्रका अर्जुनहरु असफल भएपछि भाको नभाको सपनाको भ्रमजाल खडा गरेर हाम्रा नेताहरु शासनमा छन्, आसनमा छन् र भाषणमा छन् । यस्तो अकर्मण्यताले देशलाई उज्यालो पार्न सक्दैन । जनसेवक, राष्ट्रसेवक बन्नुपर्ने राजनीतिले देशको अस्तित्व र सतित्वलाई दाह्रा धस्दा डरलाग्दो परिस्थिति जन्मिनपुग्यो ।

राजनीतिक खम्बाहरु फरक अनुहारका छन्, फरक चरित्रका छन् । शेषनागका जस्ता हजार जिब्रा निकाल्छन् र मौका हेरी-हेरी जिब्राअनुसारका कुरा गर्छन् । मौसम हेरी हेरी ट्यूनिक फेर्छन् । यिनका टाउका पनि थरिथरिका छन् । एउटै देशका बारेमा विचार पनि भिन्न भिन्न छन् । राष्ट्रका सवालमा त एक हुनुपर्थ्यो, अनेक छन् ।

जनतन्त्र ल्याउँछु भनेर बन्दुक बोक्ने बमबहादुर संसद हुँदै सरकारमा पुग्यो । सडकमा क्रान्ति गर्ने क्रान्तिदूत मान्छेका मन-मनमा बमको त्रासदी फैलाइरहेकै छ । कतै बिस्फोटक भाषण बम पड्किन्छ, कतै बारुद बम । तातो बोली सेलाएको छैन । समाजवाद र लोकतन्त्र बलियो पार्छु भन्ने खेमा पनि छ, यो कित्ता बिदेशीको खैराँत खाएर डकार्दै छ । राष्ट्रिय मनस्थिति र एकता सकेजति अमिलो निचोरेर फटाउने पनि यिनै हुन् । मानौ यिनीहरु अनुहारका मात्र नेपाली हुन् । देश जिन्दावाद हुनुपर्थ्यो, दलमात्र जिन्दावाद भयो । अव त बिखण्डन जिन्दावाद हुनथाल्यो ।

माष्टर मुसोलिनी र हिटलर मिलेर कलम र हतियारमात्र उठाएनन्, जर्मन राष्ट्रबादलाई जुटेर, मिलेर उठाए । उनीहरुको पनि मुक्ति सेना थियो । त्यसको अस्तित्व मेटाए । हो, सत्ताले तिनलाई अधिनायकवादी बनायो । अमेरिकनले पनि वार अफ इण्डिपेन्डेण्ड घोषणा गरेकै हुन् । तर जर्ज वाशिङ्टनले ठूलै क्रान्ति गरे, अमेरिकालाई स्वतन्त्र पारेर पहिलो राष्ट्रपति पनि बने । भारतकै क्रान्तिको इतिहास हेर्दा इन्दिरा गान्धीले समेत बाँदर सेना गठन गरेर क्रान्तिलाई सूचना दिने महत्वपूर्ण काम गरेको देखिन्छ । भारत स्वतन्त्र भएपछि, बाँदर सेना समाप्त पारियो । नेपालमा राणाविरोधी आन्दोलनमा मुक्ति सेना थियो । राणाशाही सकिनासाथ मुक्तिसेनाको अस्तित्व रहन दिइएन । अर्थात् यी सबैथरि क्रान्तिमा देशको स्वार्थलाई सर्वोपरि मानियो । आखिर देशभन्दा माथि के छ र ?

नेपालको जनयुद्धका लडाकु दस्ता अहिले पनि कायमै छ । ३०८५२ माओवादी लडाकु राष्ट्रसंघीय मिसन अनमिनमा दर्ता भए । त्यसमध्य १९६०२ ले नेपाली सेनामा समावेश हुन निवेदन दिनेको संख्या थियो भने १४६० जना योग्य ठहरिए र नेपाली सेनामा रुपान्तरण भए । धेरै अयोग्य ठहरिए, अरुले आफूखुशी सामान्य जीवनमा फर्कने निर्णय लिएका थिए । तिनलाई राज्यले ५ देखि ८ लाखसम्मको रुपान्तरण भत्तासमेत उपलव्ध गरायो । प्रश्न के छ भने तिनले बुझाएको ९१ मोर्टार्स, ६१ मेसिनगन, ६१ सव मेसिनगन, २४०३ राइफल्स र अन्य केही हतियारमात्र देखियो । अरु लडाका र हतियार अनमिनलाई बुझाइएन । पछि एक प्रश्नमा माओवादी नेतृत्व प्रचण्डले हतियारहरु बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक — तेजेन्द्र प्रसाई
प्रबन्ध सम्पादक — कृष्णराज दुलाल
प्रबन्ध निर्देशक — किरण थापा
अतिथि सम्पादक — विष्णु भट्टराई
सहसम्पादक — घनश्याम ओली
सम्पादन सहयोगी : गोविन्द विक
बजार व्यवस्थापन — रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# पर्यावरण संरक्षणको खाँचो

सिन्धुपाल्चोकमा सञ्चालित राष्ट्रिय जलवायु सम्मेलन १० बुँदे गुफाडाँडा घोषणापत्र जारी गर्दै मंगलबार समापन भएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरेको सम्मेलनमा सतहत्तर जिल्लाका जिल्ला समन्वय प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । जलवायु परिवर्तन र यसले पारेको असरबारे वैज्ञानिक खोज अनुसन्धान गर्ने र जनचेतना अभिवृद्धि गरिनुपर्ने विषयलाई प्राथमिकता दिइएको छ । करिब चार सय प्रतिनिधि र विज्ञहरू सम्मिलित रहेको सम्मेलनले गम्भीर छलफलपश्चात् जारी गरेको घोषणापत्रको कार्यान्वयन पक्षलाई राम्रोसँग जोड दिएमा यसको अवश्य पनि सकारात्मक प्रभाव देखिनेछ ।

जलवायु परिवर्तनको गम्भीर असर झेल्न हाम्रो मुलुक पनि विवश भइरहेको छ । जलवायु परिवर्तनको असरले नेपालमा पारेको प्रभावबारे विश्वको ध्यानाकर्षण गराउन सगरमाथाको आधार शिविरको कालापहाडमा मन्त्रिपरिषद् बैठकसमेत केही वर्षअगाडि बसिसकेको छ । अहिले भएको गुफाडाँडा सम्मेलन स्थलबाट समेत जलवायु परिवर्तनको प्रत्यक्ष असर नियाल्न सकिन्छ । सिन्धुपाल्चोकको गुफाडाँडामा सम्मेलन चलिरहेकै अवस्थामा पूर्वी नेपालको संखुवासभा, तेह्रथुम र ताप्लेजुङको संगमस्थलमा रहेको गुफापोखरी सुकिरहेको समाचार एक राष्ट्रिय दैनिकमा छापिएको थियो । अत्यन्तै मनमोहम रूपमा डाँडामाथि रहेको गुफापोखरी सुकेजस्तै जलवायु परिवर्तनको असरले हाम्रा थुप्रै प्राकृतिक पोखरी, तालतलैया, नदीनाला, ढुंगेधारा र कुवाहरू सुकिसकेका छन् । उत्तरतर्फका सेताम्मे देखिने हिमाली डाँडाहरू, हिमालहरू कालापहाडमा परिणत भइरहेका छन् । हाम्रो पानीको प्रमुख स्रोत भनेको हिमालहरू नै छन् । हाम्रो पानीको प्रमुख स्रोत भनेको हिमालहरू नै हुन् । हिमालमा हिउँ पर्याप्त नपर्नु र परेको हिउँ समेत बढ्दो तापक्रमका कारण तुरून्तै बिलाउने गर्नाले पानीको स्थायी स्रोतमा गम्भीर प्रभाव परिरहेको छ । गुफापोखरी जस्तै डाँडामा रहेका साना ठूला पोखरी पहाडी क्षेत्रका जल भण्डारण हुन् । तिनै पोखरीहरूबाट विस्तारै रसाएर तल जाने पानी नै ढुंगेधारा र खोल्साका रूपमा देखापर्ने गरेका हुन् । पानीको मूल नै सुकेपछि पहाडी बस्तीहरू अहिले पानीको खोजीमा बसाइँ सरिरहेका छन् ।

जलवायु परिवर्तन सबैको साझा सवालको विषय बनेको छ । हाम्रोजस्तो गरिब मुलुकले विश्वका औद्योगिक राष्ट्रहरूले विनाश गरेको पर्यावरणको नतिजा भोग्नु परिरहेको छ । गुफाडाँडामा भएको सम्मेलनले जलवायु परिवर्तनले मानव जीवनमा पारेका असर र समस्याका विषयमा प्रभावकारी सूचना उपलब्ध गराउने संयन्त्र बनाउन सबै जिल्ला समन्वय समितिलाई भूमिका दिन जनप्रतिनिधिहरूले माग गरेका छन् । जलवायु परिवर्तनबाट उत्पन्न जोखिम र प्राकृतिक प्रकोप न्यूनीकरणका लागि स्थानीय स्तरमा ठाउँ अनुकूलका योजना निर्माण गर्न र त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिने घोषणा पत्रमा उल्लेख छ ।

जलवायु परिवर्तनको असरले मानव स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्नुका साथै फलफूल, बालीनाली, पशुप्राणी सबैमा प्रभाव पारिरहेको छ । नयाँ नयाँ रोगहरू देखापर्नु, बालीनाली उत्पादनको समयमा प्रभाव पार्नु, बेंसी र औलमा हुने फलफूल, आँप, कटहर लगायत मध्यपहाडी भेगमा फल्न थाल्नु, मध्यपहाडी भेगका सुन्तला मासिँदै जानु, चैत वैशाखमा फुल्ने लालीगुराँस पुस माघमै फुल्नु जस्ता कुराहरू जलवायु परिवर्तनकै कारण भइरहेका छन् । परम्परागत खाद्यान्नका बिउ, विजन लोप हुने अवस्थामा पुगेको किसानहरू बताउँछन् । खण्ड वृष्टि, अतिवृष्टि, बेमौसमी हावाहुरी, सुख्खा पैरो जस्ता प्राकृतिक प्रकोप र मौसमी घटनाहरू जतासुकै देख्न सकिन्छ ।

हाम्रो देश अहिले विकासको चरणमा अघि बढिरहेको छ । विकासको नाममा अहिले स्थानीय तहहरूमा व्यापक रूपमा डोजरको प्रयोग गरेर बाटो बनाइँदै छ । बिना स्टिमेट र प्राविधिक असरहरूको ख्याल नगरी बनाइएका बाटाघाटाले पानीका परम्परागत स्रोतहरू नराम्रोसँग मासिएका छन् । त्यसैगरी वर्षायाममा तिनै बाटाहरू बाढी पैरोका कारण समेत बन्ने गरेका छन् । त्यसैले जलवायु परिवर्तनको असर न्यूनीकरणमा लागेका स्थानीय निकायहरूले यसतर्फ गम्भीर ध्यान दिँदै प्राकृतिक स्रोत सम्पदा संरक्षण सहितको दिगो विकासतर्फ ध्यान पुऱ्याउन आवश्यक छ ।

# सफल कोतपर्व वा Cato Street Conspiracy चाहिएकै हो त ?



**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)




क्याटो स्ट्रिट षड्यन्त्र सन् १८२० मा बेलायतका तत्कालिन प्रधानमन्त्री लर्ड लिभरपुल र उसका क्याबिनेटका मन्त्रीहरुलाई एकै चिहान बनाउने उद्देश्यले रचिएको षडयन्त्र थियो । यसको मुख्य योजनाकार आर्थर थिसलवुड थिए । उनको योजना लण्डनको क्याटो स्ट्रिटको एउटा घरमा प्रधानमन्त्री र मन्त्रीहरुलाई रात्रि भोजको लागि बोलाउने र त्यही घर घेरी उनीहरुको सामूहिक हत्या गर्ने थियो । यो योजना बनाउनुको उद्देश्य नेपोलियन युद्धपश्चात आएको आर्थिक मन्दी र राजनीतिक निरंकुशताको कारण बेलायती युवाहरु बेस्सरी बेरोजगार भएका थिए भने त्यतिखेर बेलायती संसदले पास गरेको सिक्स एक्ट्सले सबैलाई क्रोधित बनाएको थियो । यही क्रोधित समूहले आफूलाई क्रान्तिकारी घोषणा गर्दै बेलायती सरकारलाई अपदस्थ गर्ने हेतुले षडयन्त्रको तानाबाना बुनिरहेको थियो । उनीहरु सरकारलाई पल्टाइ म्यान्सन हाउसबाट आफ्नो अन्तरिम सरकार चलाउने उद्देश्यका साथ अघि बढिरहेका थिए । तर रात्रि भोज सुरु हुनुअगावै एक सुराकीले प्रहरीलाई खबर दिएको कारण प्रहरी उनीहरुमाथि जाइलाग्दा १३ जना समातिएका थिए भने मुठभेडमा एक प्रहरी मारिएका थिए । समातिएका १३ मध्ये ५ जना षडयन्त्रकारीलाई मृत्युदण्ड दिइएको थियो भने बाँकीलाई त्यतिखेरको कालापानी मानिने अष्ट्रेलिया खेदिएको थियो । यस षडयन्त्रकारी समूहलाई बेलायतमा सबै क्षेत्र र विशेष गरी लण्डनमा रहेका आइरिस समुदाय, व्यापारी, साना उद्यमी र गरिबीले पिल्सिएका जनताको साथ र समर्थन रहेको विश्वास गरिएको थियो । देशमा जब कानुन देखाउने दाँत मात्र बन्छ, सरकार भ्रष्ट र असक्षमहरुको भीडमा परिणत हुन्छ तब जनता आन्दोलित भई आफैं षडयन्त्रकारी हुन पुग्दा रहेछन भनेर क्याटोस्ट्रिट षडयन्त्रले विश्व राजनीतिलाई अहिले पनि सन्देश दिइरहेको अवस्था हो ।

नेपालमा अहिले संविधानसभाले बनाएको संविधान छ । देश संघीयतामा गएको छ । हरेक आन्दोलनपछि नेपाली जनता भने अब बल्ल सुखको दिन आउने भयो भन्ने आशा गर्ने तर कुनै पनि सरकार देश र जनताको मुहार फेर्न असफल हुने, नेताहरु तस्कर, भ्रष्टाचार, बलात्कार र कुशासनमा सलग्न भएकै कारण जनता बरु राजा नै ठीक भनेर पश्चगामी बाटोमा अगाडि बढ्न बाध्य भइरहेको सामाजिक संजालमार्फत जनताले अभिव्यक्त गरेको कुराले प्रष्ट पार्दै लगेको छ । तर संविधान अनि कानुनसम्मत जनताको त्यो आशा पनि सजिलै यथार्थमा परिणत हुने अवस्था नहुनुले देश अनिर्णयको जकडमा फस्दै गएको छ । ३० किलो सुन काण्ड, निर्मला पन्त लगायतका बलात्कारका घटना अनि वाइडबडीको घोटाला सामसुम हुँदै जानुले सरकार र विपक्षी सबै त्यसमा प्रत्यक्ष र अप्रत्यक्ष ढंगबाट संलग्न रहेको प्रमाणित हुन्छ ।

हिजो धमिजाकाण्ड र लाउडा काण्ड मच्चाउने कांग्रेस, चेज एअर काण्ड मच्चाउने तत्कालिन एमाले सरकार र अहिलेको वाइड बडी काण्डको भागिदार डवल नेकपाको सरकार जनता र देशको लागि कुन अर्थमा फरक छ त (?) भनेर जनताले खुट्याउन नसकेको अवस्थामा छ अहिले । अब के नेपालले भोग्ने भनेको कोतपर्व वा क्याटो स्ट्रिट षडयन्त्र त होइन भनेर निकाशा खोज्नुपर्ने बाध्यता देशलाई लोकतान्त्रिक गणतन्त्र बनाउन मरिहत्ते गर्नेहरुले नै सिर्जना गरेका छन् । यस अर्थमा अब सफल कोतपर्व वा Cato Street Conspiracy चाहिएकै हो त (?) भन्ने प्रश्न जनमानसमा उठन जानुले इतिहास दोहोरिन नसक्ला भनेर ठोकुवा गर्ने अवस्था छैन ।

# हामी सबैले आफ्नो विरोधी आफूमै राख्नु भएन



**जगदीश लामिछाने**
रौतहट, पौराई

हिमवत् खण्ड नेपालको धार्मिकता, बहादुरी र जनचेतनाको दृष्टिले महत्वपूर्ण हो भनी मान्यता राख्नेहरु धेरै छन् । वास्तवमा यही कुराको मार्मिक वाक्य खोज्न हामीले किराँत लिच्छवि मल्ल र बाइसी चौबिसे समेतको खुड्किलो पार गरेर श्री ५ पृथ्वीनारायणसम्म नआई सुखै छैन । उनले २५ वर्ष युद्धभूमिमै धेरैजसो बिताएर अन्तिम पटकको विजयमा खस नेवार प्रभावित काठमाडौंलाई राजधानी मात्र गराएनन् एउटा मार्मिक वाक्य पनि आफ्नो सन्देशमा भनेरै गएका छन्- 'मेरा साना दुःखले आर्ज्याको मुलुक होइन, सबैलाई चेतना भया' यति वाक्यबाटै पनि बुझ्नुपर्ने हो दुःख त गर्नैपर्ने रहेछ अनिमात्र देश जोगिँदो रहेछ हैन र ? उद्योग इलम शिक्षा र राजनीति पनि यस्तै हैन र ?

त्यही नेपाली जनतामा शासन गर्ने कर्मचारी र शाही खानदान फेरि सुखसयल र कलहमा लागेपछि नेपाली जनताले नचाहँदा नचाहँदै इ.सं १८१४-१६ अर्थात् वि.सं. १८७१-७३ को लडाइँ दक्षिणी छिमेकी अंग्रेजसँग लड्नु परेको थियो । अंग्रेजको आफ्नै सेनापति मारिएकै ठाउँ नालापानीमा विपक्षी अंग्रेजले उसकै विपक्षी नेपालीको प्रशंसाको शिलापत्र मात्र लेखेनन् गोरक्षा अर्थात् आफ्नो महत्व जोगाउने गोर्खाली जवान आफ्नै सेनामा पनि भर्ना गर्न लागे । तर यो महत्व न नेपाल सरकारले पछ्यायो न भारतभर बसिरहेका नेपाली गोर्खालीहरुले नै सिके बरु ११० वर्षाभन्दा अघिदेखि त्यो नालापानीबाहेक दार्जेलिङ आदि मात्र गोर्खाल्यान्ड मागी रहे अझै माग्दै छन् । यता नेपालमा दरबारी कलहको फाइदा श्री ३ जंगबहादुरदेखि श्री ३ मोहनशमशेरसम्मले उठाइरहे । आफू भने यो सानु जातको राजा म म ठूलो जात आदि ठ्या र मठ्या भन्दै आफ्ना धन विदेशी दक्षिणी (पैले अंग्रेजपछि भारत) बैंकमा रहेको छ भनी पद्मशमशेर तथा मोहनशमशेरहरुले उतै प्राण बिसाए । अहिलेसम्म पनि उसबखत श्री ५ महेन्द्रको देश जोगाउनेसम्मको योगदानको यथार्थ स्वयंघोषित विद्वत वर्ग बोल्दैनन् ।)

दक्षिणतर्फ भने एउटा कमजोरी भारत पाकिस्तानको रुपमा स्वीकार्न भए तापनि पण्डित जवाहरलाल नेहरुदेखि हालसम्म नेपालप्रति छिर्केदाउ खेली एकपछि अर्को माखे सांग्लो थालिएला कि भनेर भारत आफैंले २००७ साउन १० मै र बेलायतले २००७ कात्तिक १४ गते नेपालसँग सन्धि गरेको र अरु प्रमाणसमेतले नेपालकै टिस्टा काँगडा अर्थात् सतलजसम्म नेपाल सरकारले मागोस् भनी योगी नरहरिनाथले एउटा र फणिन्द्र नेपालले अर्को रिट २०५३।५४ तिरै नेपाली सर्वोच्च अदालतमा दिएकै छन् तापनि समग्र कांग्रेस कम्युनिस्ट नेता चुप भइदिँदा नेपाली भारतभरका र नेपालका लागि गाह्रो परेको पऱ्यै छ । पूर्वप्रधानमन्त्री मनमोहन अधिकारी र विश्वेश्वरप्रसाद कोइरालालाई भने भारत स्वतन्त्र गर्न जेल परेको आदि भनी जीवनभर नेपालीलाई भत्ता दिन पनि भ्यायो भारत सरकारले ।

यत्तिले पनि नपुगी नेपाली कम्युनिस्ट नेता पुष्पकमल र बाबुरामलाई भारतैमा पाली पोसी माओवादी युद्धको नाममा १७००० भन्दा बढी नेपाली जनताको ज्यान गएको त क्रमशः भारतीयले नै र माओवादी महिला सेना मार्फत प्रसार विश्वमै भएकै छ । यता नेपाली सत्ता प्रमुख र सहयोगी प्रम केपी ओली र माधवकुमार भने भर्खरै बहकिएको ब्रिटिस कूटनीति कृष्ण पहाडी अन्नपूर्ण दैनिक पृष्ठ ६ मिति २०७५ भदौ ६ नै पछ्याए जसरी आर्यधर्म बौद्ध हिन्दु धर्मावलम्बीको मन रुवाएर इसाई धर्म सम्मेलन गराउँदै मख्ख पर्ने र उनै बाबुराम प्रधानमन्त्री हुँदा आफ्नो छोराको हत्याबाट मृत्युसम्बन्धी इन्साफ मागी अनसनमै मर्ने नन्दप्रसाद पुत्र कृष्णप्रसादको हत्यारा भनिएका रुद्र आचार्यलाई बेलायतले पक्री पठाइदिन किन चाहँदैन बेलायत भनी सोध्नै चाहँदैनन् ? यस्तै अवस्था हुँदा अब पूर्वराजा ज्ञानेन्द्र समेत राखी बहस गर्छन् भने यो देशको समस्या सुध्रन्छ नत्र अर्को इ.स. १८१४-१६ अथवा १९०३-२००७ जस्तै समस्या कष्टसँग निम्तन लागेको छ । फेरि श्री ५ पृथ्वीकै 'मेरा साना दुःखले आर्ज्याको मुलुक होइन... भन्ने चेतना सबैमा चाहिएकै छ ।

यस्तै विषयमा स्थिर भएर हेर्दा भारतमा बसिरहेका नेपालीहरुले आफ्नै नालापानी देहरादुन हेरेकै बखत भारतीय नोटमा नेपाली भाषा छापेकै हुन् त्यही कुरा हेर्न छोडेको परिणाम आर्य (हिन्दु बौद्ध) धर्ममा अनास्था बढ्दै गयो । महिला सशक्तीकरण गरेको भनी नारी पुरुष दुवैले मातृत्वको अपमान र बालबालिका शिक्षामा पश्चिमी अन्धानुकरण गर्दा अरु डरलाग्दा अवस्था त निम्तिदैनन् ? भन्ने शंका देखिएकै छ । अहिले पनि उनीहरुले गोर्खाल्यान्ड आन्दोलनको ११० वर्षको नेटो काटेको कारण यही हो ।

यस्तै नेपालमै पनि बहकिएको धेरै भयो । भ्रष्टाचार आदिका राता काला धनका अर्थ स्वार्थी मठाधीश, व्यक्तिगत ज्ञी अहंवादी, दर्जा धारी, दलधारी र आफू धार्मिक भन्दै पराइहरुले म मठाधीश हुँ भनी हाँक दिन आउनेहरुको कष्ट खप्न नसकेर विदेश पलायन हुनेहरुको संकेत त गएकै शुक्रबा २०७५-९-१३ मा यसै हरफकर्तको छापिएकै छ ।

विदेश जानेहरुले पनि उहिले बर्माबाट अचेलै पनि लखेटिनु परेकै सम्झेर अमेरिका अष्ट्रेलिया आदिमा बस्ने नेपालीहरु सचेत भएकै हुनुपर्छ । यसैले आफ्नै आवश्यकता र परिणाम विचारै नगरी बहुराष्ट्रिय स्वार्थ अनुसार शिक्षा स्वास्थ्य र अरु प्राविधिक जनशक्ति तयार गर्ने र होहल्लाकै भरमा गुणस्तर तथा आफ्नो क्षमता नभए पनि शिक्षालयहरु खोली बेकारी कारखानाका अनावश्यक पार्टपुर्जा जस्ता जनशक्ति तयार गर्ने शिक्षा आदि व्यवसायीले पनि उनै श्री ५ पृथ्वीकै मेरा साना दुःखले आर्ज्याको मुलुक होइन सबैलाई चेतना भया' भन्ने चेतावनी सम्झनैपर्छ । राजनीतिक दलहरुले त यो कुरा बिर्सिएमा आफैंले आफूले बनाएको भाषामा विलिन हुन बेर लाग्दैन ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

# जोसेफ स्टालिन–२८

वास्तवमा नारी वर्गको मुक्तिका लागि कम्युनिस्ट पार्टीले जङ्गी कदम चाल्नुपर्थ्यो । तर यस्तो दूरगामी विषयमा स्टालिनसहित सोभियत रूसी कम्युनिस्टहरूले ख्याल नगरेझैँ माओलगायत चिनियाँ कम्युनिस्टहरूले पनि ख्याल गरेनन् । जसको परिणाम १४ वटा साम्राज्यवादी शक्तिहरूलाई धुलो पार्ने, दोस्रो महायुद्धका नरपिचास नाजी, फासिस्ट र जापानी साम्राज्यवादी सत्ताहरूको पतन गर्न सफलसोभियत कम्युनिस्ट पार्टी आफ्नै मुलुकभित्रका 'हुकवर्म' रूपी खुस्चोभ, ब्रेजनेभ गुटद्वारा पतन हुनुपऱ्यो । त्यस्तै सामन्तवाद र साम्राज्यवाद विरूद्ध पूरा ११० वर्षदेखि लड्दै आएका वीर चिनियाँ जनता र तिनै जनताका प्रतिनिधिहरूबाट बनेको कम्युनिस्ट पार्टीले च्याङकाइ सेकको ८० लाख सेनालाई २८ वर्षको सङ्ग्राममा ध्वस्त पार्न सफल र पचासौं लाख जापानी अतिक्रमणकारी सेना र उत्तिकै भाडाका टट्टुहरूलाई सोत्तर पार्न समर्थ चिनियाँ कम्युनिस्ट पार्टीभित्रका 'टेपवर्म' रूपी तेङ स्याओ पिङहरू अर्कै मोडमा हुइँकिए । यसरी हेर्दा रूसको स्टालिनकालीन सोभियत समाजवाद र चीनको माओकालीन समाजवादी समाज बाहिरबाट हेर्दा जति मजबुत देखिन्थे,तर आन्तरिक रूपले त्यत्तिकै धोद्रो परेका रूखझैँ थिए भन्ने कुरा तिनै घटनाक्रमले सिद्ध गरेको छ । त्यसैले तिनीहरू साधारण आँधीले नै ढले । तिनको मूलजरो उर्वराभूमि रूपी विशाल र महान्सोभियत र चिनियाँ महिला वर्ग अर्थात् नारीवर्गमा फैलन पाएकै थिएन । त्यहाँ वस्तुतः विद्यमान समाजमा अस्तित्वमै नरहेको सर्वहारा वर्गको नाउँमा मुठीभर मान्छेको अधिनायकत्व थियो ।

चीनमा नौलो जनवादी क्रान्ति सम्पन्न भएपछि समाजवादी समाज निर्माणको क्रममा 'सांस्कृतिक क्रान्ति'को खाँचो थियो तर त्यसको तारो पुरूषप्रधान सत्ता हुनुपर्थ्यो । हजारौं वर्षदेखि पुरूषप्रधान सत्ताले चिनियाँ समाजका हरेक जाति, जनजाति, मतावलम्बी, धार्मिक सम्प्रदाय, क्षेत्र, वर्ग र स्थानका जनतामा गहिरो प्रभाव पारेको थियो । त्यो स्वत्व आदिम साम्यवादपछि विगतको सम्पूर्ण इतिहासभर कायम हुँदै आएको हो । चिनियाँ समाजको क्रान्तिकारी पङ्क्ति (कम्युनिस्ट पार्टी) भित्र पनि त्यसका जरा विस्तृत फैलिएका थिए । यसको ज्वलन्त प्रमाण हो– सन् १९७६ सम्म पनि चीनको कम्युनिस्ट पार्टी, जनमुक्ति सेना, अदालत, कम्युन, सरकारजस्ता राज्यसत्ताका निर्णायक तहमा नारीले ५० प्रतिशतस्थान नपाउनु । त्यसताका त्यहाँको राज्यसत्तामा नारी वर्गले कुल मिलाएर मुस्किलले १५ प्रतिशत स्थान प्राप्त गरेका थिए । त्यसले चिनियाँ समाजलाई गलतमार्गमा डोहोऱ्यायो र चीनको समग्र क्षेत्रको उन्नति र प्रगतिमा बाधा र अड्चन हाल्यो ।

क्रमशः

# मैले देखेको सतहत्तरौं विश्व सम्पदा:
# आम्सटरडमको पुरानो शहर

सुरेन्द्र ढकाल




आम्सटरडमको पुरानो शहरमा त्यसबेला किनेको पोस्ट कार्ड



चालु अवस्थामा रहेको अंगुरको रक्सीको मध्यकालीन गोदाम



स्राइअरस्टोरेन अगाडिबाट यस्तो देखिन्छ



दुवैतर्फ पुरानो भवन र बीचमा नहर भएको आउडेजिड्स कोल्क



काठले बनेको मध्यकालीन हाउटेन हुइस



उइपिङ टावरमा रहेको रून्चे महिलाको सम्झनामा रखिएको कलात्मक शिलापत्र



खुड्किला जस्तो देखिने यस्ता घरहरू फोरवुर्गवालको आकर्षण रहेछन्



नहर बन्द गर्ने चालु अवस्था रहेको पुरानो ताल्चा

हानोभरको हेर्न हाउजेन बगैंचा, मार्क्टकिर्ख र पुरानो शहर अवलोकन गरिसक्दा दिनको ३ बजेको थियो । पुरानो शहरबाट सरासर रेलवे स्टेशन आई लागें म आम्स्टरडमतर्फ । दिनको ३:३० छुटेको रेल बेलुकीको सात बजे आम्स्टरडम रेलवे स्टेशनमा आएर रोकियो । त्यहाँ अवलोकन गर्न लायक भनेको पुरानो शहर भन्ने थाहा लागेपछि म पैदलै त्यतातर्फ लागें । पुरानो शहरमा हेर्न लायकका कुरा भनेको स्राइअरस्टोरेन, आउडेजिड्स कोल्क, फोरवुर्गवाल र हाउटेन हुइस रहेछन् ।

**स्राइअरस्टोरेन**

यो आम्स्टरडमको पुरानो शहरलाई सुरक्षा दिन सन १४८१ मा बनाइएको पर्खालसहितको टावर रहेछ र त्यस्को भग्नावशेषको एक भाग संरक्षण गरेर राखिएको रहेछ । यसलाई रून्चे आइमाईको टावर भनिँदो रहेछ किनकी हेनरी हडसन भन्ने समुद्री डुंगा चलाउने व्यक्ति जहाज लिएर उत्तर अमेरिकातर्फ लाग्दा उनकी पत्नी त्यो टावरमा आएर कहाली कहाली रोएको कारण त्यसो भनिएको रहेछ । यही हडसन मानहट्टनले टापु पत्ता लगाएका रहेछन् । पछि पनि जब जब आफ्ना श्रीमानहरू युद्धका लागि घर छोडी जान्थे वा माछा मार्न जान्थे उनीहरूका श्रीमतीहरू त्यहाँ आएर रूने परम्परा बसेको रहेछ । त्यस टावरमा रहेको कलात्मक शिलापत्रले आफ्नो श्रीमानको विछोडमा बेहोस भएकी महिला स्मरण गरेको रहेछ ।

**आउडेजिड्स कोल्क र फोरवुर्गवाल**

यो साघुरो नहर जस्को दुबैतर्फ कलात्मक पुरानो भवन ठडिएको ज्यादै मनमोहक स्थान हरेछ । नहर ओस्टरडोकबाट शुरू भई फोरवुर्गवालमा गएर समुद्रमा मिसिदो रहेछ । त्यहा नहरमा लगाउने कोल्कस्लुइस नामक मध्यकालिनपुरानो ताल्चा देख्न पाइदो रहेछ र यस ताल्चा नहर वन्द गर्न त्यतिखेर पनि नियमित रूपमा प्रयोग हुंदो रहेछ भन्ने थाहा लाग्यो । यहीनै अंगुरको रक्सी भण्डारन गर्ने भिज्नेपाखुइस मालागा नामक आम्सटरडमकै सबैभन्दा पुरानो गोदाम पनि रहेछ । भोर वुर्गभालको अर्को आकर्षण खुडकिला जस्तो गरी बनाएको अत्यन्त सुन्दर मध्यकालिन घरहरू रहेछन् ।

**हाउटेन हुइस**

यस ठाउको अर्को आर्कषण भनेको जेडिज्कमा रहेको हाउटेन हुइस नामक सन १५५० तिर वनेका दुइवटा काठका घरहरू रहेछन । हेर्दा ज्यादै सुन्दर देखिने यी दुइ काठका घरहरू विभिन्न वेलामा भएका आगलागीबाट पनि वचेका रहेछन ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

# कृतिको घुम्टीखोली र श्रष्टा सम्मान



**● गोपीकृष्ण प्रसाई**

विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको एक भव्य समारोहबीच ०७५ साल पुष १४ गते शनिबारका दिन अनामनगर, काठमाडौंमा श्रष्टा हर्क याक्सोको कृति "नेपालका प्रमुख धर्महरू"को लोकार्पण भएको छ। सोही अवसरमा संस्थाले स्रष्टा हर्क याक्सोलाई अभिनन्दन समेत गरेको छ।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति, प्रमुख अतिथि गंगाप्रसाद उप्रेतीले कृतिको लोकार्पण एवम स्रष्टालाई अभिनन्दन गर्दै याक्सोले बिभिन्न धर्मका विविधताहरूलाई पुस्तक मार्फत संक्षिप्त परिचय दिंदै नेपालभित्रका धर्महरूको स्थिति उजागर गर्न सफल भएको र यस्ता खोजमुलक ग्रन्थले समाजको उत्थानमा महत्वपूर्ण सहयोग गर्ने कुरा बताउनु भयो।

संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाईले स्वागत मन्तव्य दिंदै संस्थाका गतिविधिहरू बारे जानकारी प्रस्तुत गर्नु भयो।प्रसाईले स्रष्टा याक्सो र उहांको कृति बारे बोल्दै धर्मको बिषय बस्तुलाई गहन ढंगले केलाईएको र ईतिहासका बिभिन्न कालखण्डसंग जोडिंदै आएका मानव सभ्यताका विविध पक्षहरू बुझ्न यो ग्रन्थ उपयोगी हुने कुरा व्यक्त गर्नु भयो।

लेखक हर्क याक्सोलाई शुभकामना दिंदै उहांको लेखन पक्ष, संघर्ष र ऐतिहासिकतासंग जोडिएर पूर्व सभासद नन्दकुमार प्रसाई,पूर्व राजदूत प्रल्हादकुमार प्रसाईले याक्सोको सरल, सादगी, ईमान्दारीपन एवम अध्ययनशील छविको बारेमा चर्चा गर्नु भयो।

यसैगरी पूर्व मन्त्री हरिप्रसाद न्यौपाने,पूर्व निर्वाचन आयुक्त एवम राजदूत डा. रामभक्त ठाकुर र संस्थाका बरिष्ठ सल्लाहकार लक्ष्मीप्रसाद प्रसाईले पनि संघर्षशील र मेहनती याक्सोले अझ नयां कृतिहरू पस्कनु पर्छ भन्दै शुभकामना दिनु भयो। कार्यक्रममा सचिव कोपिला सिवाकोटीले शुभकामना गीत प्रस्तुत गर्नु भयो।धार्मिक सद्भाव र एकता एवम आपसी समझदारी बढाउन यस कृतिको गहन महत्व हुने कुराको बारेमा बरिष्ठ उपाध्यक्ष लक्ष्मी उप्रेती,उपाध्यक्ष तेजेन्द्र प्रसाई, बरिष्ठ सदस्य अस्मिता भण्डारीले पनि आफ्ना भनाईहरू राख्नु भयो।

यसैगरि विमोचित कृतिको बारेमा व्यापक चर्चा गर्दै प्रा. फणिन्द्र निरौलाले यो खोजमूलक कृतिले नेपालका विधमान धर्म एव धार्मिक मान्यताका विविध पाटाहरूलाई प्रमाणिक ढंगले केलाईएको र यसले याक्सो राम्रा अनुसन्धाता समेत रहेको चर्चा गर्नु भयो।

यस्तो गहन कृति ल्याउने लेखकले बगाएका पसीना र मेहनतको चर्चा गर्दै आउंदो संस्करण निकाल्दा केही परिष्कारको खांचो हुनु पर्ने कुरा समेत औल्याउनु भयो। यसैगरि संस्थाले नेपाल प्रज्ञा प्रतिष्ठानका नवनियुक्त कुलपति गंगाप्रसाद उप्रेती, प्राज्ञ प्रा. डा. उषा ठाकुर, प्राज्ञ सभाकी सदस्य एवम संस्थाकी बरिष्ठ उपाध्यक्ष लक्ष्मी उप्रेतीलाई सफल कार्यकालको शुभकामना सहित सम्मान गरेको छ।

कार्यक्रमका मुख्य आकर्षण रहनु भएका कृति लेखक हर्क याक्सोले यसरी यो संस्था बाट आफ्नो कृति लोकार्पण भएको,संस्थालेआफुलाई अभिनन्दन समेत गरेर अपार मायां दिएको र यो माहौल जुटाईदिंदा सांच्चैनै आफू भावविभोर भएको कुरा बताउनु भयो।लेखकलाई आलोचना, समालोचना, सम्मान र हौसलाले अघि बढ्न सहयोग गर्छ भन्दै याक्सोले संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो।

याक्सोको पुस्तकलाई विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको हो। कार्यक्रममा कवितारगजल वाचन गरेर वातावरणलाई थप रोचक बनाउने कविहरूमा कल्पना प्रसाई पाठक,रश्मी रिमाल,तेजेन्द्रकुमार प्रसाई, डा. रामभक्त ठाकुर हुनुहुन्थ्यो। संस्थाकी बरिष्ठ सदस्य राधिका दाहालले कार्यक्रम व्यवस्थित र कुशल ढंगले संचालन गर्नु भएको थियो।

यसैगरी कार्यक्रमलाई व्यवस्थित र मर्यादित बनाउन संस्थाका महासचिव पुकार तिमिल्सिना,कोषाध्यक्ष रीता सिवाकोटी,सह कोषाध्यक्ष विनोद श्रेष्ठ, सदस्य तीर्थ दाहाल,आजीवन सदस्य ई.नरहरि खरेल, माधव बुढाथोकी,सदस्य पवन प्रसाई, गुन्जन उप्रेती,बुध्दिप्रसाद आचार्य,सरोज याक्सोको उल्लेखनीय भूमिका रह्यो! करीब १०० जनाको संख्यामा उपस्थित साहित्य अनुरागीहरूमा समाजका लब्ध प्रतिष्ठित व्यक्ति,बिभिन्न संघ संस्थाका पदाधिकारी, बुध्दिजिबी, प्राध्यापक र राजनितिज्ञ, पत्रकार र साहित्यकारहरू हुनुहन्थ्यो।

कार्यक्रमको अन्त्यमा संस्थाका गतिविधिलाई उजागर गरेर कृतिको अनुसन्धनात्मक पक्षलाई प्रकाश पार्दै सल्लाहकार किशोर उप्रेतीले कार्यक्रमको बिट मार्नु भयो।

# विश्वकै ठूलो त्रिशुल



पाल्पाको भैरव मन्दिरमा रहेको विश्वकै ठूलो त्रिशुलको दर्शन गरौं सबै पाप नास भइ धनलाभ हुन्छ पाल्पा जिल्लाको सदरमुकाम देखि ९ किलोमिटर पश्चिम आकर्षक पहाडको टुप्पोमा अवस्थित विश्वकै सबैभन्दा ठूलो मानिने त्रिशुल रहेको भैरवस्थान मन्दिरमा प्रायः सधैंभरि नै मेला लागेता पनि विशेष गरी मंगलबार र शनिबारका दिन पूजा लाग्दछ। विभिन्न चाडवाडहरुमा बोका हाँस परेवा कुखुरा र पाडाहरुको बली यहाँको कालभैरवलाई दिइन्छ।

यस क्षेत्रबाट अधिकांश हिम शिखरहरुको दृष्यावलोकन गर्न सकिन्छ। पाल्पा जिल्लाको सदरमुकाम देखि ९ किलोमिटर पश्चिम आकर्षक पहाडको टुप्पोमा अवस्थित विश्वकै सबैभन्दा ठूलो मानिने त्रिशुल रहेको भैरवस्थान मन्दिरमा प्रायः सधैंभरि नै मेला लागेता पनि विशेष गरी मंगलबार र शनिबारका दिन पूजा लाग्दछ। विभिन्न चाडवाडहरुमा बोका हाँस परेवा कुखुरा र पाडाहरुको बली यहाँको कालभैरवलाई दिइन्छ। यस क्षेत्रबाट अधिकांश हिम शिखरहरुको दृष्यावलोकन गर्न सकिन्छ।

# दोस्रो विश्वयुद्धका सबैभन्दा वृद्ध योद्धाको निधन



अमेरिकाका सबैभन्दा पाका व्यक्तिको १ सय १२ वर्षको उमेरमा निधन भएको छ। टेक्सासमा निधन भएका रिचर्ड ओवर्टन अमेरिकाका सबैभन्दा वृद्ध मानिस मात्र होइनन्, दोश्रो विश्वयुद्धमा अहिलेसम्म जीवित रहेका सबैभन्दा पाका व्यक्ति पनि हुन्। ओवर्टनले दोस्रो विश्वयुद्धमा एक अमेरिकी सैन्य डफ्फामा रहेर काम गरेका थिए, जसमा सबै सेनाहरु काला जातिका थिए। उनी प्रशान्त क्षेत्रमा युद्ध सञ्चालन तथा समुद्र तटमा अवतरण गराउने लगायतका अभियानमा पनि सामेल भएका थिए। सन् २०१३ मा उनलाई तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाले भेट्रान डे को अवसरमा सम्मान गरेका थिए।

आफ्नो लामो आयुको श्रेय उनी भगवानलाई दिन्छन्। तर, यसमा सिगार र मदिराको पनि भूमिका रहेको उनको भनाइ छ।

१८ वर्षको उमेरदेखि आफुले सिगार पिउँदै आएको र अहिले दिनमा १२ सिगार पिउन थालेको उनी बताउँथे। दोस्रो विश्वयुद्धमा जापानले पर्ल हार्वरमा आक्रमण गरेपश्चात् उनी पर्ल हार्वरमा खटिएका थिए।

# कहिले सुध्रिन्छन् सामुदायिक विद्यालय

**■ गोविन्द वि क**

मकवानपुर जिल्लाका केही सामुदायिक विद्यालयहरुको अवस्था अध्ययनका लागि भिजिट गर्ने क्रममा देखिएको विद्यालयहरुको अवस्था विश्लेषण गरिएको छ।


सहरी क्षेत्रका सामुदायिक विद्यालयहरुको केही मात्रामा स्तर वृद्धि भए तापनि ग्रामिण क्षेत्रका सामुदायिक विद्यालयहरुको अवस्था एकदमै नाजुक छ आज पनि। मकवानपुर जिल्लाका ग्रामिण भेगका विद्यालयहरुको स्तर खस्कदो अवस्थामा रहेका छन्। विशेष गरी प्रावि तथा निमावि तहका विद्यालयहरुको शैक्षिक गुणस्तर कमजोर अवस्थामा रहेको पाइन्छ। विद्यालयमा बालबालिकाहरुको भर्नादर एकदमै कम रहेको छ।



उक्त विद्यालयहरुमा भर्नादर कम हुनुमा विद्यालय तथा अभिभावको भूमिका निस्क्रिय रहेको अनुमान गर्न सकिन्छ। विद्यालय जानु पर्छ भन्ने र भावना बालबालिकामा आउन सकेको छैन भने अभिभावकमा पनि शिक्षाको महत्व कम बुझेको देखिन्छ। विद्यालयमा बालमैत्री वातावारण नै छैन। व्यवस्थापन सब लथालिङग भएको देखिन्छ। भौगोलिक विकटता पनि अर्को कारण देखिन्छ। विद्यालयमा गुणस्तरीय शिक्षा विकासका लागि कसैको पनि ध्यान गएको देखिदैन। घरबाट विद्यालयमा पुग्न २ घण्टा लाग्छ। बिहान घरमा अभिभावकले खाजा दिएर विद्यालय पठाउँछन् २ घण्टा हिँडेर विद्यालय पुग्दा भोक लागिसकेको हुन्छ। ११ बजेभन्दा पछि विद्यालयमा बालबालिकाहरु बस्न सक्दैनन् भोकले।

गाउँका एउटा सानो कार्यक्रम जस्तै (छेवर, पास्नी, विवाह) भयो भने पूरै विद्यालय नै बन्द गर्नुपर्ने अवस्था हुन्छ भन्छन श्री जनजागृति प्रा वि मकवानपुर बोरेटारका प्र अ भीमलाल रुम्बा। बालबालिकाहरुलाई दिउँसो एकमुठी चिउरा दिन सकियो भने उनीहरु सधैं विद्यालय आउने र बिचैमा विद्यालय छाड्ने दर पनि कम गर्न सकिने कुरा बताउनु हुन्छ प्रअ रुम्बा। चेपाङ समुदायका बालबालिकाहरुले विद्यालय नै नदेखेको र उनीहरुलाई विद्यालयमा ल्याउनका लागि विद्यालयले पहल गरे तापनि सफल हुन नसकेको तीतो अनुभव सुनाउनु हुन्छ उहाँ।

अभिभावकहरुमा चेतनास्तर कमी भएको पाइन्छ। विशेषगरी रुम्बा, लो, घलान, प्रजा, चेपाङ, बोटे, मुक्तान समुदायका बालबालिकाहरुले विद्यालय नियमित गर्न नसकेको देखिन्छ। २, ३ कक्षा पढेपछि १४, १५ वर्ष उमेर हुने अनि काम गरेर पैसा कमाउनु पर्छ भनेर अभिभावकले नै काममा जान प्रेरित गर्ने र उनीहरु विद्यालय छोडेर काममा लागेपछि सानै उमेरमा विवाह गर्ने परिपाटीको विकास भएको देखिन्छ। किन विद्यालय नगएको भनेर बालबालिकाहरुसँग कुराकानी गर्दा विद्यालयमा जान मन नलाग्ने बरु काम गर्न मन लाग्ने टाढा भएर बाटैमा भोक लाग्ने र विद्यालयमा पुगेपछि पनि बसौबसौ लाग्ने वातावरण नभएको गुनासो गर्छन उनीहरु।



मकवानपुर वालुभन्ज्याङस्थित राष्ट्रिय सरस्वती प्राविका प्रधानाध्यापक विद्यालयमा पुग्दा मान्छे नचिन्ने अवस्थामा थिए। उनी भन्दै थिए म त लेकाली मान्छे आज जाँड अलिक धेरै भएछ मिलाएर कुरा बुझ्नु होला है। यो अवस्था देखेर हामी चकित भयौ। बालबालिकाहरुको भर्ना लगायत अन्य अभिलेखहरु हेरौं न त भनेर खोज्दा केही पनि अभिलेखहरु छैन। एउटै कोठामा डेस्क वेन्च राखेर १ देखि ३ सम्म पढाइ हुने जस्तो देखिन्थ्यो।

विद्यालयमा भएका डेस्क बेन्चहरु बालमैत्री थिएनन। विद्यालयमा बालमैत्री वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि स्थानीय सरकार तथा विद्यालय व्यवस्थापन समितिको ध्यान नगएको स्पष्टै देखिन्थ्यो। यो त एउटा उदाहरण मात्र हो। ग्रामिण भेगका अधिकांस विद्यालयको हविगत यस्तै देखिन्छ। यसरी सम्बन्धित पक्षले ध्यान नदिने हो भने कहिले सुध्रिन्छन् गाउँका सामुदायिक विद्यालय ? यसकारण ग्रामिण भेगका सामुदायिक विद्यालयहरुको अवस्था सुधारसँगै गुणस्तरीय शिक्षा विकासका लागि सम्बन्धित पक्षको ध्यान जान अवश्यक देखिन्छ।

मानवले मानवलाई शोषण गर्ने, अन्याय अत्याचार गर्ने कार्य निन्दनीय हो। नागरिक अधिकारप्रति सजग र सचते बनौं, बनाऔं र सबैमा समान व्यवहार गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# भारतमा तीन तलाक विधेयकको चर्चा



**विष्णु भट्टराई**

भारतमा तीन तलाक अभ्यासलाई अपराध मान्ने विधेयक लोकसभाबाट पारित भई राज्यसभामा पेश गरिएको छ । लोकसभाले मुस्लिम महिलाको वैवाहिक सम्बन्ध प्रतिरक्षा विधेयक २०१८ गत साता पारित गरेपछि यसले राज्य सभामा प्रवेश पाएको हो । कानुन मन्त्री रविशंकर प्रसादले सो विधेयक प्रस्ताव गरेका थिए । प्रस्तावको पक्षमा २ सय ४५ संसदले मतदान गरे भने विपक्षमा ११ मत खसेको थियो ।

लोग्नेले मौखिक रुपमा तीन पटकसम्म तलाक शब्द उच्चारण गरेपछि वैधानिक रुपमै पत्नीसँग सम्बन्ध विच्छेद हुने सो कुरीतिलाई कानुनी रुपमा नै हटाउन प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी सरकारले पहल गरिरहेको छ । तीन तलाक अभ्यासलाई डेढ वर्षअघि भारतको सुप्रिम कोर्टले अवैधानिक घोषणा गरेको थियो । निकै लामो समयको अध्ययन र विभिन्न धर्म गुरुहरुकै गहन परामर्शपछि भारतको सुप्रिम कोर्टले यो अभ्यास कुरानकै मूल भावना र मर्मविरुद्ध भएको भन्दै यस प्रथालाई अमान्य र अवैधानिक ठहर गरेको थियो ।

मुस्लिम लोग्नेले आफ्नी श्रीमतीलाई छोड्न चाह्यो भने वा वैधानिक रुपमै सम्बन्ध विच्छेद गर्न चाह्यो भने तीन पटकसम्म मौखिक रुपमै तलाक उच्चारण गरे पुग्थ्यो । तीन तलाकको उच्चारणको भरमा श्रीमान श्रीमतीबीच सम्बन्ध विच्छेद हुने प्रक्रिया मुस्लिम समुदायको दाबी रहँदै आएको थियो । तीन तलाकका आधारमा मुस्लिम समुदायका महिलामाथि अन्याय हुने गरेको विज्ञहरुले बताउँदै आएका छन् ।

भारतीय जनता पार्टी (बीजेपी) ले गत साता नै प्रस्ताव पारित गर्नका लागि लोकसभाका सदस्यलाई डिसेम्बर २७ मा संसदमा उपस्थितिका लागि ह्वीप जारी गरेको थियो । बिहीबारका दिन संसदमा अनिवार्य उपस्थितिका लागि लिखित पत्र नै जारी गरेको भारतीय जनता पार्टीका सांसदहरु सबै उपस्थित भइ सो कानून पारित भएको छ । तर यो अब यहाँको संसदको माथिल्लो सदन (राज्य सभा) बाट भने पारित हुन बाँकी नै छ । तर यसका लागि पनि सत्तापक्ष र विपक्षीहरुले विभिन्न तर्कहरु भने अघि सारेका छन् । काँग्रेसका केही सांसदले व्यापक विरोध गरेर यसको विपक्षमा पनि उभिएका छन् ।

मुस्लिम समुदायका महिलामा आफ्नो लोग्नेले तीन पटकसम्म 'तलाक' शब्द मौखिक रूपमै उच्चारण गरेपछि आफ्नो श्रीमान्सँग सम्बन्ध विचछेद भएको मानिन्छ । यो तलाक शब्दलाई उनीहरुले वैधानिक रूपमै स्वीकार पनि गर्दै आएका छन् र मानौं त्यस समुदायमा यसलाई एक किसिमले भन्ने हो भने कानुनकै रुपमा मान्ने प्रचलन नै बसिआएको छ । यो शब्द तीन पटकसम्म आफ्नो श्रीमानले उच्चारण गरेपछि महिलाहरु उनीहरुको श्रीमतीको रुपमा रहिरहने अवस्था हुँदैन । यसलाई बाध्यात्मक कुरीतिका रुपमा लिने गरिन्छ । यही कुरीतिलाई प्रतिबन्ध लगाउन यस्तो व्यवस्थाप्रतिको पहल भारतीय जनता पार्टीले थालेको हो ।



यस्तो कार्यलाई गतवर्ष नै भारतीय सर्वोच्च अदालतले प्रतिबन्ध लगाउन सरकारका नाममा आदेश दिएपछि सरकारले अध्यादेशबाट यस्तो कानुन ल्याएको हो । मोदी सरकारले मुस्लिम महिलाको बैवाहिक सम्बन्ध प्रतिरक्षा विधेयक ल्याएको थियो । सन् २०१७ को डिसेम्बरमा यो लोकसभामा पेश गरिएको थियो । तर व्यापक विरोध र छलफलका बीच यो कानुन पास हुन सकेन र छलफलकै क्रममा राखिएको थियो । सन् २०१८ डिसेम्बर २७ का दिनमा लोकसभाबाट यो विधेयक पास भयो, अहिले महिला अधिकारवादीहरुले खुसियाली मनाएका छन् । कतिपय मुस्लिम समुदायका व्यक्तिहरुको भने विरोध यथावत नै रहेको देखिएको छ । साथै केही विपक्षीहरुले भने लोक सभाबाट पास गर्नको लागि गरिएको यस पहललाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको राजनीतिक कदमको संज्ञा पनि दिएका छन् । उनीहरुले मोदीले आगामी निर्वाचनलाई मध्यनजर राखेर यस्तो कार्यमा बढी सक्रियता देखाएको आरोप लगाएका छन् ।



आफ्नो लोग्नेले तीन पटकसम्म 'तलाक' शब्द मौखिकरूपमै उच्चारण गरेपछि यसलाई वैधानिक मानी मुस्लिम पुरुषले महिलामाथि थोपर्दै आएको यो एकतर्फी अन्यायलाई भारतको सर्वोच्च अदालतले करिब डेढ वर्ष अघि अवैधानिक घोषणा गरिदिएको थियो । त्यसपछि सरकारले अध्यादशेका रुपमा कानून ल्याएर यस्तो व्यवस्थामा प्रतिबन्ध लगाएको थियो । करिब डेढ वर्षपछि यसले अब ऐनको रुप लग्न लागेको हो ।

भारतीय लोकसभामा भएको छलफलको क्रममा सर्वोच्च अदालतले असंवैधानिक भनी सकेपछि यस विधेयकलाई किन ऐनकै रुपमा पारित गर्न हतार गर्नुपऱ्यो भन्ने प्रश्न पनि विपक्षीले उठाएका छन् । यस प्रश्नको जवाफमा भारतीय जनता पार्टीका सांसद स्मिति इरानीले सर्वोच्च अदालतले तीन तलाकलाई असंवैधानिक बताएपछि पनि ४७७ मुसलिम महिलाहरु यस तीन तलाकबाट पीडित रहेका सत्यता लोक सभामा प्रस्तुत गर्नु भएको थियो । उहाँले भन्नुभयो, यसलाई अब कानूनकै रुपमा कार्यान्वयनमा लैजानुपर्छ र यसलाई कडाइका साथ लागू गर्नुपर्छ ।

इस्लामिक कानून अवलम्बन गर्ने मुस्लिम राष्ट्रको रूपमा परिचित पाकिस्तान र बङ्गलादेशमा समेत यस्तो तीन तलाकको प्रावधान खारेज भइसकेको छ । तर हिन्दू धर्ममा आस्था राख्ने जनसंख्याको बाहुल्यता रहेको भारतमा भने यस्तो कानुन कायम नै रहिरहेको थियो । बहुसङ्ख्यक हिन्दू धर्मावलम्बी बसोबास गर्ने भारतमा यस्तो कुरीति अझै कायमै रहनु लज्जास्पद भइसकेको अधिकारवादीहरुको जिकीर थियो । महिलाको कुनै अतित्व नभएको, पुरुष नै सर्वमान्य र मानौंकि उसको बोलीलाई अल्लाहकै स्वरुपमा लिनुपर्ने प्रावधान बाँकी महिलाहरुका लागि अन्यायपूर्ण हुने अधिकांश मुस्लिम महिलाकै माग छ ।

त्यसैले निकै लामो समयको अध्ययन र विभिन्न धर्मका गुरुकै गहन परामर्शबाट भारतको सर्वोच्च अदालतले यो प्रावधान कुरान कै मूल भावना र मर्म्विरुद्ध भएको भन्दै यस प्रथालाई अवैधानिक र अमान्य ठहर गरेको हो । भारतमा मुस्लिम समुदायमा पुरुषले आफ्नी श्रीमती र वरिपरि रहेका अन्य वयस्कले सुन्ने गरी "तलाक" शब्द तीन पटकसम्म दोहोऱ्याई उच्चारण गरेकै आधारमा श्रीमतीसँग अलग्गिएर बस्ने, सम्बन्ध विच्छेद नै गर्न पाउने धार्मिक मान्यता रहेको भन्ने आडमा निकै लामो समयदेखि नै महिलामाथि अन्याय गरिँदै आएको थियो । भारतका महिला अधिकारवादीहरुको अगुवाइमा त्यहाँको सर्वोच्च अदालतमा परेको रीटको फैसला सर्वोच्चले यसरी गरिदिएको थियो ।


भारतमा करिब १० करोड ४० लाख मुसमान महिला रहेका एक तथ्याङ्कमा उल्लेख छ । भारतमा लोकसभामा छलफलको क्रममा बहस गर्ने महिला सांसदहरुले यो मुसलमान महिलाको मात्र नभई सम्पूर्ण महिलाको नै अपमानको विषय हो भनेका थिए । उनीहरुले लोकसभाबाट यो विधेयक पास भएपछि २०१८ डिसेम्बर २७ लाई मुसलमान महिलाको 'खास दिन' भन्ने संज्ञा दिइएको पनि बताएका छन् । उनीहरु भन्छन्- श्रीमतीलाई विभिन्न निहुँमा श्रीमानले तलाक दिने गर्दछन् । यहाँसम्मकी श्रीमती धेरै मोटी भएमा, लामो समय माइती बसेमा, रोटी पकाउँदा बाक्लो र पातलो भएका, आफ्ना श्रीमानसँग सवाल जवाफ गरेको अवस्थामा सम्म पनि उनीहरुले यसरी तलाक दिने गर्दछन् । साथै श्रीमानले अरु केही निहूँ नपाएमा आफ्नी श्रीमती परपुरुषसँग लागेको भन्ने काल्पनिक आधारमा पनि मुस्लिम पुरुषले आफ्ना श्रीमतीलाई तलाक लिने चलन रहेको पाइन्छ । त्यसैले पनि भारतीय मुस्लिम महिलाले यो ऐन लोकसभाबाट पारित भएको डिसेम्बर २७ लाई दिवसमा रुपमा मनाइने बताएका छन् ।

हुनत यो विधेयक ऐन बनिसकेको छैन, अहिले त्यहाँको संसदको माथिल्लो सभामा पुगेको छ । तर पनि प्रतिनिधि सभाबाट यसरी अत्यधिक बहुमतका साथ पारित भएको कानुन राज्य सभाबाट अस्वीकृत हुने सम्भावना न्युन रहन्छ । उता मोदी सरकारले भने सन् २०१९ लाग्नासाथै मुस्लिम महिला पूर्णरुपमा तीन तलाकबाट मुक्त हुने दाबी गरेको छ ।

*एजेन्सीको सहयोगमा*

## रोचक संसार

### मोटा केटीको मात्र बिहे



युवतीहरु जिउ स्लिम बनाउन वा जिरो फिगर कायम गर्न अनेक उपाय अपनाउँदछन् । तर यो दुनियाँमा एउटा यस्तो देश पनि छ जहाँ युवतीहरु आफ्नो जिउ मोटो बनाउनका लागि तछाड मछाड गर्दछन् ।

अफ्रिकी देश मौरिटेनियाको परम्परा हो यो । त्यहाँ अविवाहित युवतीहरु यदि दुब्लो भए भने बिहे हुन नै हम्मे हम्मे पर्दछ । किनकी पुरुषहरुले बिहेका लागि मोटा युवतीहरु मन पार्दछन् ।

केटीहरुले आफ्नो जिउ मोटो बनाउनका लागि पौष्टिक र उच्च क्यालोरीयुक्त खानेकुराको डाइट चार्ट नै फलो गर्दछन् । दिनमा १६ हजार क्यालोरीसम्म खानेकुरा खाने गर्दछन् उनीहरु । बढी खाएर जिउ मोटो बनाउनका लागि उनीहरुलाई दबाव दिइन्छ । मोटो हुनु सम्पन्नता, सुन्दरता र सुखको प्रतीक हो भन्ने मान्यता उक्त देशको समाजमा रहेको छ । मोटी युवतीसँग बिहे गर्ने युवकको दाम्पत्य जिवन सुखी हुन्छ भनिन्छ ।

उक्त देशमा हरेक वर्ष दुई महिनाको फिडिंग सिजन हुन्छ । उक्त अवधिमा ११ वर्ष भन्दा माथिका किशोरी र युवतीहरुलाई मोटो बनाउनका लागि उँटको दुध लगायतका खानेकुरा मनग्गे खुवाइन्छ ।

### रक्सी बग्ने फाउन्टेन



सबै फाउन्टेनमा एउटा साझा चिज हुन्छ, पानी । आज हामीले तपाइँलाई यस्तो फाउन्टेनको बारेमा बताउँदैछौँ जहाँ पानी होइन, रक्सी निस्किन्छ ।

उक्त फाउन्टेनमा चौबीसै घण्टा रेड वाइन बग्दछ । इटालीमा यस्तो अनौठो फाउन्टेन रहेको छ । उक्त फाउन्टेनमा पुगी पर्यटकहरुले सित्तैमा वाइन पिउन पाउँछन् । चर्चित पर्यटकीय मार्ग क्यामिनो डी सान टोमासोमा पर्ने उक्त क्षेत्रका पर्यटकको तिर्खा मेटाउने गरी यो वाइन फाउन्टेन निर्माण गरिएको छ ।

### विश्वकै चिसो सहर



रुसको साइबेरियास्थित नोरिल्स्क नामको एउटा सहर छ । उक्त सहर विश्वकै सबैभन्दा चिसो सहर हो । ठण्डी याममा उक्त सहरको न्यूनतम तापक्रम माइनस ६१ डिग्री सेल्सियस सम्म तल झर्दछ । जबकी त्यहाँको वार्षिक औषत तापक्रम चाहीँ माइनस १० डिग्री सेल्सियस रहेको छ । उक्त सहरमा वर्षको ९ महिना हिउँ जमिरहन्छ । त्यसबेला हरेक तिन दिनमा हिमतुफान आउँछ । डिसेम्बर देखि जनवरी सम्म त यहाँ सूर्य नै देखिँदैन । सूर्य नै नदेखिने हुनाले दुई महिनासम्म त्यहाँ अँध्यारो छाउँदछ । रोचक त के भने यो सहर रुसको सबैभन्दा धनी सहर हो । उक्त सहरमा विश्वकै ठूलो प्लाटिनम, पेल्लेडियम र निकेल धातुको भण्डार रहेको छ । यतिमात्र होइन यो सहर विश्वको सबैभन्दा प्रदुषित सहर पनि हो । किनकी यहाँ ठूलो परिमाणमा खानी तथा प्रशोधनको काम हुन्छ । जसबाट ठूलो मात्रामा सल्फर डाइअक्साइड ग्यास निस्किरहन्छ ।

### कार चोर्न लाग्दा...



दुनियामा अनौठा घटना भैरहन्छन् । कतिपय घटना यतिधेरै अनौठा र रोचक हुन्छन् कि अत्यधिक चर्चामा आउन सफल हुन्छन् ।

हालै नर्वेमा पनि यस्तो घटना भएको छ । एकजना किशोरलाई कार चोर्न जाँदा ठूलै आपत् परेको छ । कार चोरेर लैजानका लागि कारभित्र पसेको बेलामा भित्रै थुनिएपछि उनले आफ्नै उद्धार गर्नका लागि पुलिस बोलाउनु परेको छ ।

गत सोमबार यो घटना भएको हो । पुलिस आफैले घटनाको बारेमा ट्विट मार्फत जानकारी गराएको छ ।

पुलिसलाई एकजना किशोरले आफु कारभित्र फसेको भन्दै उद्धारका लागि फोन गऱ्यो । जब पुलिस त्यो युवकले भनेको ठाउँमा पुग्यो र उसको बारेमा जानकारी लियो तब अचम्ममा पऱ्यो ।

कार चोरेर गुडाएर लैजानका लागि कारभित्र छिरेको त्यो युवक कारको ढोका नखुलेपछि बाहिर निस्कन सकेन । अनि पुलिस गुहार्न बाध्य भयो ।

प्रहरीले कारको ढोका खोलेर त्यो युवकलाई बाहिर निकाल्यो । युवक आफु मुक्त भएकोमा ढुक्क थियो । तर उसलाई पुलिसले पक्राउ गरी चौकीमा लग्यो । चौकीमा उसका अभिभावकलाई बोलाएर पुलिसले आइन्दा त्यस्तो काम नगर्ने शर्तमा जिम्मा लगाइदियो ।

### बाँदरमाथि यौन दुर्व्यवहार गर्नेलाई ३ वर्षको जेल

महिलामाथि यौन दुर्व्यवहार , बलात्कार भएका घटना त हामीकहाँ निकै धेरै आउँछन् । तर अफ्रिकी मुलुक इजिप्टमा एकजना युवतीले बाँदरमाथि यौन दुर्व्यवहार गरेको आरोप लागेको छ । र, यौन दुर्व्यवहारको अभियोगमा ती २५ वर्षीया युवतीले ३ वर्षको जेल सजाय पाएकी छिन् ।

इजिप्टको मनसोरा सहरस्थित अदालतले बासमा अहमद नामकी युवतीलाई बाँदरमाथि यौन दुर्व्यवहार गरेको अभियोगमा सजाय सुनाएको हो ।

ती युवतीले बाँदरसँग सार्वजनिक स्थलमा आपत्तिजनक कार्य गरेको ठहर अदालतले गरेको छ । ती युवतीले



बाँदरमाथि गरेको आपत्तिजनक क्रियाकलापको ९० सेकेण्डको भिडियो इन्टरनेटमा भाइरल बनेसँगै गत अक्टोबरमा उनलाई पक्राउ गरिएको थियो । उक्त भिडियोमा ती युवतीले बाँदरको यौनांग चलाउँदै हाँस्दै गरेको देखिएको थियो ।

अदालतले ती महिलाले आफ्नो कसूर स्विकार गरेको भएपनि आफ्नो नियत बाँदरलाई यौन दुर्व्यवहार गर्ने नभएको भनी बताएको जनाएको छ ।

### पिसाबमा कर



बेल्जियमको ब्रसेल्सस्थित मेनकेन पिस नामको यो मूर्ति एकजना सानो बच्चाको हो । पिसाब फेरिरहेको यो बच्चाको मूर्ति हेर्नकै लागि त्यहाँ बर्सेनि धेरै पर्यटक आउँदछन् । ब्रसेल्सबासीको सेन्स अफ ह्युमरको प्रतीक मानिन्छ ।

पिसाबको प्रयोग प्राचीन समयदेखि नै विभिन्न खाले रोगको निदानका लागि गर्न थालिएको थियो ।

इतिहासमा पिसाबको उपायेगको पहिलोपटक रोमन सम्राट टिटो फ्लेविओ वेस्पासियानोको समयमा सन् ९ देखि ७९ को अवधिमा गरेको प्रमाण फेला परेको थियो ।

रोमन साम्राज्यको धोबीघाट या फुलोनिकसमा पिसाब एकत्रित गरिन्थ्यो र त्यसलाई कुहिनका लागि छाडिन्थ्यो । त्यसरी जम्मा गरिएको पिसाब एमोनिया बन्दथ्यो । त्यो एमोनिया एक प्रकारको डिटर्जेन्टको रुपमा कपडा धुनका लागि प्रयोग गरिन्थ्यो ।

रोमन दर्शनशास्त्री तथा लेखक सेनेकाका अनुसार सेतो उनका कपडा भिजाएपश्चात् मजदूर वा धोबीहरु त्यस्ता चिसा कपडामाथि दौडिने वा नाच्ने गर्दथे । रङलाई निखार्न तथा मुलायम बनाउनका लागि मुल्तानी माटो, पिसाब तथा सल्फरको प्रयोग गरिन्थ्यो । त्यसपछि कपडाको गन्ध हटाउनका लागि सुगन्धिन डिटर्जेन्टको प्रयोग गरिन्थ्यो ।

धोबीहरुको काम राम्रो व्यवसायमा बदलिरहेको थियो तर वेस्पासियानो सत्तामा आएर पिसाबमा कर लगाउन सुरु गरे । रोमको ढल प्रणालीमा जम्मा भएको पिसाब प्रयोग गर्न चाहने मानिसहरुका लागि त्यस्तो पिसाब कर लगाइन्थ्यो ।

छालाका सामान उत्पादन गर्ने मानिसहरुले त्यस्तो पिसाब प्रयोग गर्दथे ।

रोमन इतिहासकार स्युटोनियसका अनुसार वेस्पासियानका छोरा टिटोलाई आफ्ना बुवाले पिसाबमा लगाएको कर चित्त बुझेन । पिसाबमा कर लगाउनु घिनलाग्दो काम हो भनेर उनले आफ्ना बुवालाई भन्न थाले ।

*अनलाइन खबरबाट*

प्रेरक प्रसंग

## बुद्ध र ईश्वर

भगवान बुद्ध गाउँमा प्रवेश गर्दै थिए। विश्वासपात्र शिष्य आनन्द पनि सँगै थिए। एक व्यक्तिले बुद्धसँग सोधे- हे भिक्षु, तपाईं भन्नोस् त ईश्वर छ कि छैन ? बुद्धले जवाफ दिए- ईश्वर कहीँ न कहीँ छन् यो संसार चलाउने अवश्य कोही हुनुपर्छ। मेरो विचारमा ईश्वरको अस्तित्व छ।' बुद्धको जवाफ सुनेर त्यो मान्छे निकै अत्तालियो। अनि बुद्धसँग पश्चात्तापको भावमा उसले भन्यो- तपाईले ईश्वर छ भन्नुभयो। म त नास्तिक थिएँ। ईश्वरप्रति मलाई विश्वास थिएन। म गलत रहेछु। अब म पनि ईश्वरलाई स्वीकार्छु।

बुद्धसँग अर्को व्यक्तिले प्रश्न गरे- ईश्वरको अस्तित्व तपाईं स्वीकार्नु हुन्छ ? बुद्धले भने- ईश्वर अर्थात् भगवान् छैनन्। भगवानको अस्तित्व छ भन्ने मलाई लाग्दैन। मानिसहरु ढुंगाका मूर्तिमा ईश्वर देखिरहेका छन् जुन सर्वथा गलत छ। मानिसहरुको आत्मा नै ईश्वर हो।

त्यो मान्छे झसंग भयो। आफू ईश्वरको भरपरेकोमा ग्लानी अनुभव गऱ्यो उसले। बुद्ध विश्राम गरिरहेका थिए। अर्को मानिसले फेरि बुद्धलाई सोध्यो ईश्वर छन् नि छैनन् भिक्षुज्यू, ? बुद्ध बोलेनन्। बुद्धका जवाफ सुनेर शिष्य आनन्द छक्क परिरहेका थिए। बिहान प्रश्न गर्ने मानिसलाई बुद्धले ईश्वर छन् भने, दिउँसो प्रश्न गर्नेलाई ईश्वर छैनन् भने अहिले साँझ त्यही प्रश्न गरिँदा बुद्धले मौन धारण गरे। भिक्षु आनन्द छक्क परे र बुद्धसँग सोधे- गुरुदेव तपाईंले बिहान ईश्वर छैनन् भन्नुभयो। दिउँसो ईश्वर छन् भन्नुभयो। अहिले साँझमा केही बोल्नै चाहनुभएन किन होला ?

बुद्धले शिष्य आनन्दलाई अर्थ्याए- आनन्द, बिहान मलाई ईश्वरबारे प्रश्न गर्ने मान्छे आफूलाई नास्तिक ठान्थ्यो। उसको मनमा खाली ईश्वर छैनन् भन्ने मात्र थियो। ज्ञानको बारेमा उसलाई केही थाहा छैन। अब उसले संसारका बारेमा अध्ययन गर्नेछ। ईश्वर मान्नेहरुलाई आलोचना गर्ने छैन। अब ऊ ज्ञानको पछि लाग्नेछ। दिउँसो प्रश्न गर्ने व्यक्ति आस्तिक थियो। ऊ जे पनि कुरा ईश्वरमै भर पर्थ्यो। काम, कर्तव्य विमुख थियो ऊ। अब ऊ गतिशील जीवनतर्फ लाग्नेछ। साँझमा प्रश्न सोध्ने व्यक्ति बिल्कुलै गफास्टक स्वभावको थियो। मैले उसलाई जे जवाफ दिन्थेँ त्यही कुरा अरुलाई भन्दै हिँड्थ्यो। म चुप लागेकाले उसले ईश्वरको अस्तित्वबारे बुझ्न सकेन। अब ऊ आफैं ईश्वरका सन्दर्भमा अध्ययन थाल्नेछ। उसले लिन सक्ने निष्क्रिय जीवनबारे सोचेरै मैले केही जवाफ नदिएको हो।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सामान्य काममा धन र श्रम खर्चनुपर्ला। समस्याप्रति गम्भीर नबन्दा दुस्ख पाइनेछ। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। बिग्रिएको काम सच्याउन दोहोर्याएर प्रयत्न गर्नुपर्ला। मिहिनेतले मात्र काम बन्नेछ। हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला।

### बृष

रमाइलो यात्रा गर्ने अवसर जुर्नेछ। मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिन सक्छ। कामको चापबाट फुर्सद पाइनेछ। व्यवसायले मनग्गे आम्दानी दिलाउनेछ। विभिन्न सहयोग र उपहार प्राप्त होला। तारिफयोग्य काम सम्पादन हुनेछ। परिवारजनको साथले नयाँ आशा जगाउनेछ। अतिथिका रूपमा मानसम्मान समेत प्राप्त हुनेछ।

### मिथुन

शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्गे फाइदा हुनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ। पहिले इर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन्। थोरै भए पनि दिगो लाभ हुने काम प्रारम्भ हुनेछ।

### कर्कट

आफ्ना सूचना बाहिरिनाले समस्या आउला। कामप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ। समयको तालमेल नमिल्दा आफ्ना विषयवस्तुमा अरूले दाबी गर्लान्। पेटको खराबीले कमजोर भइनेछ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। उपलब्धिविहीन काममा समय बित्नेछ। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। पहिलेका सहयोगीहरू पछि हट्न सक्छन्।

### सिंह

समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन्। परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। मिहिनेतको फल अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ। आफ्नाले समयमा सहयोग नगर्दा अवसर फुत्किएला। नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताइरहनेछ। बेसुरमा दिएको वचनले समेत आफैंलाई अप्ठ्यारो पार्नेछ।

### कन्या

काममा मिहिनेतको फल प्राप्त हुनेछ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला। व्यापारमा पनि मनग्गे धनलाभ हुनेछ। सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ। रचनात्मक काममा जुट्ने समय छ। रोकिएका काम पुनः सुरु हुन सक्छन्।

### तुला

आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुस्ख पाइनेछ। खर्च हुने डरले सताउन सक्छ। वादविवादबाट टाढा रहनुहोला। बलजफ्ती गर्ने बानीले आफैंलाई अप्ठ्यारोमा पार्न सक्छ। ईर्ष्या गर्नेहरूबाट सजग रहनुपर्ला। आजको श्रमबाट पछिलाई फाइदा हुनेछ। आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्याउनुहोला।

### बृश्चिक

आफ्नो क्षेत्रमा अरूले प्रभाव जमाउन सक्छन्। केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। अरूको करकापले विशेष निर्णय लिनुपर्ने परिस्थिति आउन सक्छ। तापनि मिहिनेतले पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। आफ्ना कमजोरी बाहिरिन सक्छ, गोपनीयतामा ध्यान पुऱ्याउनु होला।

### धनु

समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ। अवसरका लागि निकै दौडधुप गर्नुपर्ला। समय दिन नसक्दा बन्न लागेको कामसमेत बिग्रन सक्छ। व्यवसायमा लगानी बढाउनुपर्ला। भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ। तत्काल फाइदा लिंदा भविष्यमा नोक्सान हुने देखिन्छ। यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ।

### मकर

आयआर्जनका स्रोत बढ्नेछन्। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। गरेका कामबाट प्रशस्त लाभ हुनेछ। उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। चलअचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका प्राप्त हुनेछ।

### कुम्भ

गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ। विशेष भेटघाटले काममा उत्साह बढाउला। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। आँटले कीर्तिमानी दिलाउनेछ। साथीभाइको सहयोग जुट्नेछ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। सामाजिक दायित्व बढ्नेछ। व्यापारमा निकै फाइदा हुनेछ।

### मीन

जिम्मेवारी प्राप्त भए पनि तत्काल लाभ नहुन सक्छ। अवसरका लागि जोखिमपूर्ण काममा जुट्नुपर्ला। कामको सन्दर्भमा शक्तिशाली व्यक्तिहरूसँग प्रतिस्पर्धा गर्नुपर्ला। धेरै फाइदा नभए पनि भाग्यले केही अवसर थमाउनेछ। रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुहोला। धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइएला।

# साइनिङ वर्ल्ड कम्पासन एवार्ड न्यौपानेलाई




काठमाडौं, पुस १४। पशुपति वनकालीमा नन्दि सेवा आश्रम सञ्चालन गर्दै आएका रामबहादुर न्यौपाने (गोपाल) यस वर्षको साइनिङ्ग वर्ल्ड कम्पासन एवार्डद्वारा पुरस्कृत हुनुभएको छ। सुप्रिम् मास्टर इन्टरनेशनल एशोसियसनले शनिवार ललितपुरको खुमलटारमा गरेको एक कार्यक्रममा रामबहादुर न्यौपानेलाई एवार्डको साथमा सो संस्थाकी सञ्चालिका सुप्रिम् मास्टर चिङ्हाईले पठाउनु भएको तीस हजार अमेरिकी डलरको चेक मास्टरका अनुयायीहरूको तर्फबाट नेपाल भेगन एशोसियसनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने र मिरा खनालले हस्तान्तरण गर्नुभएको थियो।

रामबहादुरले छाडा छोडिएका गाई गोरु तथा बाच्छा बाच्छीलाई आश्रय दिन काठमाडौंको पशुपतिक्षेत्रको वनकालीमा नन्दि आश्रम सञ्चालन गर्दै आउनु भएको छ। काठमाडौं लगायतका शहर एवं गाऊवस्तिमा गाई धनिले दुध दिँदासम्म दुहुने र दुध दिन छाडेपछि गाईलाई सडकमा लगेर छोडिदिने, आफूले धेरै दुध पाउन दुधेबाच्छोलाई पनि सडकमा छोडिदिने गर्ने गरेको पाइएको छ। यसरी छोडिनेमा बाच्छीको तुलनामा बाच्छा बढी हुन्छन् र पछि ती बढेर ठूला हुने गरेका छन्। छाडा छोडिएका गाईगोरु बाच्छाबाच्छीको कारणले सडकमा ट्राफिक जाम हुने, दुर्घटना हुने गरेका छन्। सवारीसाधनले ढक्कर दिने र ती गाईगोरु तथा बाच्छाबाच्छी घाइते हुने, बिरामी हुने जस्ता धेरै समस्या हुने गरेको पाइन्छ।

छाडा छोडिएका गाईगोरु बाच्छाबाच्छीलाई बस्न खान र औषधोपचारको व्यवस्था मिलाउने कामलाई आफ्नो साधना बनाएका रामबहादुर न्यौपानेको उदाहरणीय कार्यको मुल्याङ्कन गर्दै उनलाई पुरस्कृत गरिएको आयोजकले पुरस्कार पत्रमा उल्लेख गरेका छन्। ठूलो कष्ट उठाएर डेढसय जति गाई गोरु र बाच्छाबाच्छीलाई घाँस पराल, औषधि उपचार लगायतका आवश्यकता पूरा गर्न उनको टिम तथा समितिलाई धौधौ परिनै रहन्छ। वर्षको तीन करोडको खर्च रहेको बताइन्छ। सहयोग जुटाएर खर्च पुर्याउनु सहज छैन नै। रामबहादुरको यस प्रकारको कार्यको जति तारिफ गरेपनि कमै हुने देखिन्छ नै। पुरस्कार मात्रैको कुरा होइन मास्टर चिङ्हाईको आर्शिवाद पाउनु नै सबैभन्दा ठूलो कुरा हो। नेपालमा जजसले उहाँको आर्शिवाद पाउन सफल हुनुभएको छ उहाँहरूको उन्नति प्रगति हुँदै गएको छ, कार्यक्रममा आफ्नो मन्तव्य राख्दै बरिष्ट प्राकृतिक चिकित्सक हरिप्रसाद पोखरेल (मानसाग्नि) ले बताउनु भयो।

भलै संविधानमा राष्ट्रिय जनावर उल्लेख भएपनि नेपाल सरकार र नेपालीको लागि गोवंश ठूलो बोझको विषय भएको देखिन थालेको छ। राज्यकै संयन्त्रको मिलेमतोमा गाईगोरु कटानीको लागि विदेशतर्फ तस्करी हुने गरेको देखिइरहेको छ। लक्ष्मीस्वरूपा गौमाताको संज्ञाले समेत पुकार गरिने गोवंशलाई सिध्याउन पाए हाईसुख हुन्थ्यो भन्ने मनोविज्ञान राज्यको पनि रहेको बुझिन्छ। नेपाल सरकार र नेपाली नागरिकको यस्तो संकिर्ण एवं दरिद्री मानसिकताको स्थिति भइरहेको अवस्थामा विदेशदेखि यहाँका गोवंशको संरक्षणको लागि यसरी सहयोग आउनुले नेपाल सरकार र सम्बन्धित नागरिकको लागि ठूलो जवाफ भने दिएको छ।

सुप्रिम मास्टर चिङ्हाई विश्व प्रसिद्ध आध्यात्मिक गुरु हुनुहुन्छ। उहाँले आफ्नो शिष्य ग्रहण गर्ने जोकोहीलाई पनि सबै प्राणीप्रति दया, करुणा गर्न, प्राणी हिंसा नगर्न र पूर्ण साकाहारी आहार एवं सात्विक जीवन यापन गर्न मार्गदर्शन गर्नु हुन्छ। मूलतः उहाँ ताइवानको भए पनि विश्वका विभिन्न स्थानमा रहेर ध्यान साधना गर्ने र गराउने गर्नु हुन्छ। उहाँको सुप्रिम मास्टर टेलिभिजन नामको अनलाई टेलिभिजन छ। सोमार्फत उहाँले आफ्नो मार्गदर्शन उपदेश प्रवचन निरन्तर गरिरहनु हुन्छ।

मास्टर चिङ्हाईले यो एवार्ड एवं पुरस्कार कसैको सिफारिसमा नभएर आफ्नो ध्यानदृष्टिबाट तय गर्ने गर्नु हुन्छ। बहत्तर सालको भूकम्पलगायतका दैवी विपत्ति आदिमा मास्टर चिङ्हाईले उल्लेखनीय सहयोग गर्दै आउनु भएको छ। यसै गरी वागिश्वरी गौशाला देवघाट चितवन, रामजानकी गौशाला कोहलपुरलाई पनि यहाँका आफ्ना अनुयायीमार्फत आर्थिक सहयोग गर्नु भएको छ। उहाँले गर्ने सहयोग कसैसँग उठाएर नभएर आफै आर्जन गरेको रकमबाट गर्नुहुन्छ। विश्वका कुनै पनि स्थानमा उहाँले सहयोग गर्ने गर्नु भएको छ। आफ्ना अनुयायीहरूलाई फल्नो ठाऊँमा यस्तो भएको छ त्यो ठाऊँमा गएर यो सहयोग गर्नु अथवा पुर्याउनु भनी निर्देशन आएपछि अनिबल्ल उहाँका अनुयायीहरू निर्देशन बमोजिम आफ्नो गुरुले पठाएको सहयोग लिएर सोधखोज गर्दै सम्बन्धित स्थान र व्यक्तिसम्म पुग्ने गरेको उहाँका नेपाल स्थित अनुयायी अमृत कार्की, विष्णुप्रसाद न्यौपाने, डा. मोहन खरेल, विक्रम गुरुङ्गलगायतहरू बताउनु हुन्छ।

सुप्रिम मास्टर इन्टरनेशनल एशोसियसनले प्रदान गर्ने साइनिङ्ग वर्ल्ड कम्पासन एवार्ड नेपालीको लागि यो तेस्रो हो। प्रथम एवार्ड समता शिक्षा सदनका उत्तम संजेल र दोस्रो एवार्ड माइती नेपालकी अनुराधा कोईरालाले प्राप्त गर्नु भएको थियो।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Vouchsafe = ग्यारेन्टी गर्नु I can vouchsafe you a good return on your investment (तिम्रो लगानीको राम्रो प्रतिफल आउछ भन्नेकुराको म ग्यारेन्टी गर्न सक्तछु)

Wrangle = झगडा गर्नु After the death of the father all the sons started wrangling over the inheritence (वावुको मृत्यु पछि सबै छोराहरू अंशको कुरालाई एक अर्कासंग झगडा गर्न थाले )

Approbation = अनुमती Awaiting the approbation of the court, he had to pass three weeks in district headquarter (अदालतको अनुमतीको प्रतिक्षामा उस्ले जिल्ला सदरमुकाममा तीन हप्ता विताउनु पर्यो )

Brocade = वुट्टा भएको कपडा The sofa was covered with expensive brocade fabric (सोफा वुट्टा भएकोमहंगो कपडाले छोपिएको थियो )

Conundrum = कठीन कार्य वा समस्या She invented conundrum to entertain her child during the long drive (लामो दुरीको हकाइमा आफ्नो वच्चाले मनोरंजन गरोस भनेर आफ्नो वच्चालाई उन्ले छिटै मिलाउन नसक्ने कार्य दिइन)

Disjointed = सिलसिला नमिलेको His lecture was so disjointed that no one understood it (उस्को लेक्चर यस्तो सिलसिला नमिलेको थियो की कसैले त्यो वुझ्न सकेनन)

Exude = निकाल्नु Some trees exude sap during certain season (केही रुखहरूले आफ्नो शरिरबाट निश्चित ऋतुमा झोल पदार्थ वाहिर निकाल्छन)

Fructify = फल दिनु The tree fructify within three years (यो रुखले तीन वर्षमानै फल दिन्छ )

Guile= ठगी, अरुको नक्कल गरी चोर्नु, धुर्त He has made big property only by guile (ठगीबाटै उस्ले ठूलो संपत्ती आर्जन गरेको छ )

Hirsute = वाक्लौ रौ भएको He is a hirsute man so that he has heavy black beard (उ वाक्लौ रौ भएको मानिस हुंदा उस्को दाह्री पनि वाक्लै छ )

# सामान्य ज्ञान (प्रश्नोत्तर)

इन्डोनेसियाको क्षेत्रफल कति वर्ग किमि छ ?

■ १९०४५६९ वर्ग किमि

इन्डोनेसियाको मुद्रालाई के भनिन्छ ?

■ रुफिआह

महासागरको सबभन्दा गहिरो भाग कुन हो ?

■ गालाथियाडिप

सूर्यलाई एकपटक परिक्रमा गर्न १६५ वर्ष लाग्ने ग्रहको नाम के हो ?

■ नेपच्युन

हवाई सैनिक शक्तिले काम गर्ने क्षेत्रलाई के भनिन्छ ?

■ एयरबेस

साइकलको टायरका आविष्कारक को हुन् र कुन देशका हुन् ?

■ जेबी डनलप, स्कटल्यान्ड

सिनेमाको आविष्कार गर्ने व्यक्ति को हुन् र कुन देशका हुन् ?

■ एएलजे लुमेरी, फ्रान्स

अमेरिकास्थित जुवाको लागि प्रसिद्ध घरलाई के भनिन्छ ?

■ लस बिगेस

इरान-इराक युद्धको सुरुवात कहिले भयो ?

■ १ सेप्टेम्बर १९८०

बाली भन्ने ठाउ कुन देशमा पर्छ ?

■ इन्डोनेसिया

विश्वको प्रमुख रेशम उत्पादक देश कुन हो ?

■ चीन, २७००० टन

विश्वको सबैभन्दा ठूलो फौजी देश कुन हो ?

■ चीन

# Put बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Put something off = निभाउनु Before leaving the room put the light off कोठाबाट निस्कनु अघि वत्ती निभाउ।

Put it on = वाहना गर्नु He was not angry, only putting it on उ रिसाएको थिएन रिसाएको वाहना गरिरहेको थियो। ।

Put something on something = थप गर्नु The government put ten percent on the price of a litre of petrol सरकारले प्रति लिटर पेट्रोलको मूल्यमा दश प्रतिशत थप गर्यो।

Put something on something = लगानीगर्नु This year I am going to put more money on trading यो वर्ष म ब्यापारमा वढी लगानी गर्दै छु।

Put somebody on to somebody = भेट्टाउन सघाउनु I put him onto a good dentist मैले उसलाई एक राम्रो दन्तचिकित्सक भेट्टाउन सघाए ।

Put somebody on to something = जान लगाउनु Who put you on to this restaurant कस्ले तिमीलाई यो रेष्टुरा जान लगायो ? ।

Put oneself out = मन नलागेपनि लागी पर्नु, She is always ready to put herself out to help others उ मन नलागेतापनि अरुलाई मध्दत गर्न सधै तयारीमै हुन्छ।

Put somebody out = परास्त गर्नु He put me out in fifth round उस्ले मलाई पाचौं श्रृंखलामा पुगेर परास्त गर्यो।

Put something out = दिन छुट्टाउनु Put all the empty bottles out to dispose सबै फ्याक्ने वोतल दिइ पठाउन छुटटयाउ।

Put something out to somebody = अरुलाई गर्न लगाउनु Not you, put this work out to him तिमीले होइन यो काम अरु कसैलाई गर्न लगाउ!

## सुडोकु-अंक १३२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४ | | ५ | | | | | |
| | | २ | | | १ | | ३ | |
| ८ | | | ३ | | | | | ६ |
| ५ | | | | | ६ | | १ | ३ |
| | | ८ | | २ | | ४ | | |
| ४ | ३ | | ७ | | | | | २ |
| १ | | | | | ९ | | | ८ |
| | ५ | | ६ | | | ९ | | |
| | | | | | ७ | | ५ | |

## अंक १३१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | ८ | ३ | ५ | ७ | २ | ४ | ९ |
| ५ | २ | ९ | ४ | ८ | ६ | ३ | १ | ७ |
| ३ | ४ | ७ | २ | ९ | १ | ६ | ८ | ५ |
| ६ | ७ | ३ | ५ | २ | ४ | ८ | ९ | १ |
| ९ | ५ | ४ | ६ | १ | ८ | ७ | ३ | २ |
| ८ | १ | २ | ९ | ७ | ३ | ४ | ५ | ६ |
| ७ | ९ | १ | ८ | ३ | २ | ५ | ६ | ४ |
| ४ | ३ | ५ | ७ | ६ | ९ | १ | २ | ८ |
| २ | ८ | ६ | १ | ४ | ५ | ९ | ७ | ३ |


# कैलालीमा मालेको क्षेत्रीय भेला सम्पन्न



























गत पुष ११ र १२ गते कैलाली जिल्ला चुनाव क्षेत्र नं ३ मा नेकपा (माले) ले आफनो चुनाव क्षेत्रिय भेला सम्पन्न गरेको छ। मालेको सुदुर पशिचमाञ्चंल प्रदेश कमिटिका इन्चार्ज सुरेन्द्र ढकालले प्रमुख अतिथिको रुपमा भेलाको उद्धाटन गर्नु भएको थियो। ज्ञात अज्ञात शहिदहरु प्रति एक मिनेट मौन धारण गरी शुरु भएको उक्त क्षेत्रीय भेलाको त्यस क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत ९८ जना छात्रछात्राहरुलाई सुरेन्द्र ढकाल प्रतिष्ठानबाट प्राप्त रु १ लाख १८ हजार मुल्यको झोला, विद्यालय पोशाक, एक दर्जन कापी र कलम वितरण गरी आरंभ गरिएको थियो। भेलालाई सम्वोधन गर्दै प्रमुख अतिथि ढकालले दुइ तिहाइ वहुमतको सरकार वलत्कारी, भैष्ट र असक्षम हुदै गएको कारण त्यसको विकल्प नेकपा माले हुने वताउनु भयो। विगतमा दरावारियाहरुले जनताका छोरीहरुलाई वलत्कार गर्दै हत्या गर्थे भने सो श्रृंखला अव गणतान्त्रिक नेताका छोराहरुले शुरु गरेको कारण सरकार निर्मला पन्तको सहि हत्यारा पत्ता लगाउन नचाहेको बताउनु भयो।

हिजोको धमिजा र लाउडा पवमान काण्ड समेतलाई उछिन्ने गरी वर्तमान डवल नेकपाको सरकारले वाइडवडी काण्ड मच्चाइ ६ अरवको घोटाला गरेको कारण यस सरकारलाई वामपन्थीका नभै भ्रष्टाचारीहरुको सरकार भन्नु पर्ने र यस्तो सरकारलाई अव जनताले सडकबाट गलहत्याउन पर्ने बताउनु भयो। वर्तमान प्रधानमंत्री ओली उपचारको नाममा सरकारी ढुकुटीबाट रु १८ करोड भन्दा वढी खर्च गरेको भन्दै काम नगर्ने तर उखान र टुक्का भनेर जागिर भजाउने असक्षम प्रधानमंत्रीको उपचारमा सरकारी ढुकुटी किन रित्याउने भन्ने प्रश्न राख्नु भयो। गरिव जनताका छोरा छोरी सिटामोल र जुगाको औषधी आन नपाएर मर्न पर्ने अवस्थामा गणतन्त्रकी राष्ट्पतिलाई किन चाहियो अरवौको हेलिकप्टर करोडौ पर्ने विलाशी कार किन चाहियो भन्दै यस्ता प्रवृत्तिको नेकपा मालले भण्डाफोर गर्दै आफनो राजनीतिलाई ससक्त वनाउने वताउनु भयो।

अवको राजनीति भनेको विकाशको राजनीति हो, नारा र आश्वाशनको राजनीतिबाट जनता वाक्क भएको देखेरनै नेकपा मालले सामाजिक विकाश मार्फत आफनो राजनीतिलाई अगाडि वढाउने कार्यको शुरुवात गरेको र त्यस क्षेत्रमा वाढिएको वोरिंग सिचाइ सुविधा र गरिव छात्रछात्राहरुको लागि विद्यालय शैक्षिक सामाग्री र पोशाक त्यस्को उदाहरण भएको बताउनु भयो। नेकपा मालेको प्रदेश कमिटि सदस्य दिल वहादुर गिरीले संचालन गर्नु भएको उक्त कार्यक्रममा पूर्व एमाले, पूर्व माअेवादी केन्द्र, राप्रपा, नेपाली कांग्रेस जस्ता राजनीतिक दल परित्याग गरी नेकपामालेमा प्रवेश गर्ने ७७ जना स्थानीय नेता कार्यकर्त्तालाई प्रमुख अतिथि ढकालले टिका लगाइ पार्टी प्रवेश गराउनु भएको थियो। प्रवेश गर्ने हरुमा १) पार्वती चौधरी, २) गौरी विक, ३) दौमति विक, ४) लक्ष्मी विक, ५) जलु टमटा, ६) दुर्गा टमटा ७) पुजा रोका ८) खगिसरा विक ९) नमसरा विक १०) कृष्णा जोशी, ११) सुमिता जोशी १२) निर्मला चौलागाइ १३) कमला देवकोटा १४) भागीरथी देवी विक १५) मनकला विक १६) शुक्मा विक १७) पानमती विक १८) हिरादेवी विक १९) लक्ष्मी देवी विक २०) सुन्दरी चौधरी २१) नर्वदा देवी डयाल २२) वालसरा जोशी २३) गौरा जोशी २४) प्रेम बहादुर रसाइली २५) कमला वाठा २६ गिता साकी २७) विरमा सार्की २८) अप्सरा रोकाया २९) गंगा रोकाया ३०) सुकी रोकाया ३१) सरस्वती रोकाया ३२) लक्ष्मी रावल ३३) शैउरा रावल ३४) लक्ष्मी वोहरा ३५) विपना घर्ती मगर ३६) निशा घर्तिमगर ३७) धन घर्तीमगर ३८) देवीशरा विक ३९) एलिसा चौधरी ४०) देवीशरा भण्डारी ४१) रीमा चौधरी ४२) धनादवी विक ४३) राम कुमारी चौधरी ४४) मनशरा टमटा ४५) शरद विक ४६) हरिकला विक ४७) खगिसरा वोगटी, ४८) जुनादेवी विक ४९) कमला टमटा, ५०) उजेली विक ५१) अर्जुन विष्ट ५२) चित्र वहादुर विक ५३) गोल बहादुर सार्की, ५४)केवल चौधरी ५५) शेर बहादुर सार्की ५६) रंगी सुनुवार ५७) कलाची सुनुवार ५८) चैती देवी लोहार, ५९) लिलादेवी चौधरी ६०) सस्रा देवी विक ६१) लालसरा विक ६२) गरिवु चौधरी, ६३) दिल वहादुर विक, ६४) सरुपा विक, ६५)मिना चोधरी ६६)खडके वडुवाल ६७) भरत विक, ६८) किर्त बहादुर श्रीपाली ६९) कमल विक ७०) जगत सार्की, ७१) विर्मा रोकाया ७२) चन्द्रकला वुढा, ७३) बैशाखी रावाट ७४) देव बहादुर विक ७५) देब बहादुर विक ७६) टेक बहादुर विक ७७) कौसिल्या सार्की ७८) भरत अग्रेलीहरु थिए।

पार्टी प्रवेश कार्यक्रम पश्चात आफनो मन्तब्य राख्दै प्रदेश कमिटि सचिव परेक रावलले विगत निर्वाचन आफु एक्लै उठदा यस क्षेत्रका उल्लेख्य जनताले आफुलाई मतदान गरेको स्मरण गर्दै आगमी निर्वाचनमा यस क्षेत्रमा नेकपा माले स्थापित हुने र यस क्षेत्र सामाजिक विकाशको क्षेत्रमा अगुवा हुने ठोकुवा गर्नु भयो।

र्कायक्रममा राष्टिय जनमोर्चा, नयाशक्ति नेपाल, कलैया उद्योग वाणिज्य संघ, सुखड वजार संघ, प्रतिष्ठानबाट छात्रवृत्ति प्राप्त विभिन्न सामुदायिक विद्यालयका प्रधानाध्यापकले मालेको चुनाव क्षेत्रिय सम्मेलन सफल होस भन्ने शुभकामना ब्यक्त गर्नु भएको थियो। उदघाटन सत्रको समापन र धन्यवाद ज्ञापन गर्नु हुंदै सभाअध्यक्ष तथा माले चुनाव क्षेत्र नं ३ का सचिव मोतिलाल विकले विभिन्न पार्टी परित्याग गरी नेकपा मालेमा प्रवेश गर्ने सबैलाई उचित जिम्मेवारी दिने र आगामी चुनावमा स्थानीय स्तर देखि प्रदेश र संघीय संसदमा समत त्यस क्षेत्रबाट मालेको प्रतिनिधित्व हुने विश्वाशका साथ सबैले काम गर्नु पर्ने अवस्था रहेको बताउनु भयो। प्रतिष्ठानबाट हुने सहयोग सहकारी मार्फत परिचालन गरी आगामी ५ वर्ष भित्रनै त्यस चुनाव क्षेत्रबाट गरिवी र निरक्षरताको अन्त्य गर्ने उदघोष गर्दै सहभागी सबै तथा सुरक्षाकर्मी, संचारकर्मी सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो।

त्यसै गरी पुष १२ गते विहिवार विहान ११ वजे सम्मेलनको वन्दसत्र आरंभ भयो। चुनाव क्षेत्रिय कमिटिका सचिव मोतिलाल विक को अध्यक्षतामा वसेको उक्त बैठकले चुनाव क्षेत्रिय कमिटि विस्तार गर्ने तथा घोडाघोडा नगरपालिका र भजेनी नगरपालिकाका विभिन्न वडामा नेकपा मालेको वडा कमिटि गठन गर्ने निर्णय गर्‍यो। सो अनुसार चुनाव क्षेत्रिय कमिटिको निम्नानुसार पुनर्गठन गरियो। सचिव मोतिलाल विक, सदस्यहरु निर्मला खत्री, हर्क विष्ट, मनशरा टमाटा, कमल वहादुर मिजार,वल वहादुर विक, डम्वर वहादुर वुढा, टेक बहादुर विश्वकर्मा, लाल वहादुर कार्की, लिला वुढा मगर, सुष्मिता जैशी, देव बहादुर विक। त्यसैगरी घोडाघोडी नगर पालीका तथा भजेनी नगरपालिकाका विभिन्न वडासमिति सचिव र सदस्य तोक्ने कार्य भयो। जसनुरुप घोडाघोडी नगर पालिका वडा नं १को सचिवमा सीता चौधरी र सदस्यहरुमा सखमा चौधरी, सरु घर्तीमगर, वडा नं २ को सचिवमा टेक वहादुर वस्नेत र सदस्यमा अजिपाल भण्डारी वडानं ६ को सचिवमा चित्र वहादुर विक, वडा नं ८ को सचिवमा अर्जुन ढकाल विक, सदस्यमा गौरी विश्वकर्मा, खगिसरा विश्वकर्मा, वडा नं ९ को सचिवमा अप्सरा रोकाया सदस्यमा कौसिल्या सार्की, वडा नं १० को सचिवमा कमल विक सदस्यहरुमा भरत अग्रेली, गरिवु चोधरी थिए।

त्यसै गरी भजेनी नगरपालिका वडा न ३ सचिवमा गौरा जैशी, वडा नं ४ सचिवमा निर्मला चौलागाई, सदस्यहरुमा विर्मा देवी सुनुवार, भागीरथी विक, मनकला देवी विक, वडा नं ५ को सचिवमा धनसरा जैशी, र वडा नं सचिवमा रामसरा जैशी रहनु भएको थियो। वडा समितिको गठन पश्चात प्रदेश इन्चार्ज सुरेन्द्र ढकालले गठन गर्न वाकी दुवै नगरपालिका तथा कैलाली गाउपालीकाका वडाहरुमा समेत आगामी ३ महिना भित्र वडा कमिटि गठन गरी सक्नुपर्ने र गठन भएका वडामा सदस्य संख्या न्यूनतम ४ देखि २१ सदस्य पुराउनु पर्ने अनिवार्यता रहेको र जुन कमिटिहरु सदस्यता वृध्दि गर्न सक्षम हुनेछन त्यस्ता कमिटिले सिफारिस गरिएका योजना मात्र अनुमोदन हुन सक्ने बताउनु भयो। वन्द सत्रलाई सम्वोधन गर्दै प्रदेश कमिटि सचिव परेक रावलले गठन भएका वडा कमिटिहरुको हरेक महिना बैठक वस्नै पर्ने, नियमित वार्षिक लेभी उठाउनु पर्ने र स्थानीय स्तरको आवस्यकता हेरी सामाजिक विकाशका कार्यक्रमहरु पहिचान गर्नु पर्ने बताउनु भयो।

वन्द सत्रमा सबैलाई प्रदेश कमिटि सदस्य प्रकाश घर्तिले स्वागत गर्नु भएको थियो भने सत्र संचालन अर्का प्रदेश कमिटि सदस्य दिल वहादुर गिरीले गर्नु भएको थियो। वन्द सत्र अन्त्य गर्दै सभा अध्यक्ष तथा चुनाव क्षेत्रिय कमिटिका सचिव मोतिलाल विकले कैलाली जिल्लाको यस चुनाव क्षेत्र नेकपा मालेको जग हुने बताउदै अव विकाशको राजनीतिले यस क्षेत्रमा जरो गाढने कुरा वताउनु भयो। अव सबैले प्रतिवध्द भएर सामाजिक विकशमा लागी पर्नु पर्ने बताउदै धन्यवाद सहित वन्दशत्र विसर्जन भएको घोषणा गर्नु भयो।

## लोकतन्त्र...

खोलाले बगायो समेत भनिदिए । माओवादीबाट अलग भएका र विद्रोहको शंख बजाइरहेका नेकपा माओवादी विप्लव जनविद्रोह गर्न सक्षम भइसकेको बताउँछन् र कतिपय सशस्त्र तालिम दिएका खबरहरु समेत आएका छन् । बैद्य समेत हतियारका कुरा गर्छन् ।

अर्थात् सशस्त्र संघर्षको अध्याय समाप्त भइसकेको छैन । सशक्त समूह छ, जो आधुनिक बम बिस्फोटको भाषा जान्दछ, ती बमबिज्ञहरु बिद्रोही खेमामा डटेर लागेका छन्, होनहार युवाहरुको ठूलै पंक्ति बिद्रोहमा सामेल भएका छन् । यी तमाम बिद्रोहीहरुलाई संविधानले, अग्रगमनकारीले, नयाँ नेपाल बनाउछु भन्नेहरुले मूलधारमा ल्याउन सकेनन् । तैपनि निर्वाचनमा जित्यौं, जनादेश प्राप्त भयो, अव जे गरे पनि हुन्छ भन्ने नयाँ श्रीपेचधारी बादशाहीले पूर्वानुमान भइसकेको सुनामीको संकेत पाएका छैनन् । यो यस्तो सहयोगीको जत्थाका साथमा छ, जो चाकरी मात्र खोज्छ र बादशाहको नयाँ बस्त्रको प्रशंसामा मख्ख पर्छ । नागा बादशाही होसहवास छैन ।

राजनेता हुने गुणी व्यक्तिहरु गल्ती सुधार्छन्, कमजोरी स्वीकाछन् र जनताका सामु घुँडा टेकेर माफी माग्छन् । पचासदेखि सत्तरीको दशकसम्म सांस्कृतिक क्रान्ति गर्ने माओत्से तुङले आफ्नो नेतृत्वको रेडआर्मीले गरेको सारा गल्ती स्वीकार गरे, माफी मागे । माओको कद झन बढ्यो, माओ विचारधारा अहिले पनि ज्युँदो छ, माओ अमर छन् । त्यही माओलाई ललाटको तारा बनाएर, माओको रातो किताव काखी च्यापेर हिडेका नेपाली माओवादीले जंगलयुद्ध जिते भनौं, सडकयुद्ध पनि जिते र संसद युद्धमा समेत हात्ती साबित भए । बेलायतका नामी तीन नेपाली मध्येका एक प्रोफेसर कुलबहादुर लुइटेलका अनुसार बेलायती नजरमा कम्युनिज्म विश्वमा असफलशिद्ध राजनैतिक व्यवस्था हो । (२०६६ भदौ १९ को नेपालीपत्र) । तर त्यही बेलायतको सुलसुले विभागको बजेट चलाउने डीएफआइडीले कम्युनिष्टलाई उचाल्न जनजाति उराल्ने काम गऱ्यो । दङ्गा फैलायो । धन्न, रक्तपात भइसकेको छैन । र, त्यो पहिलो संविधानसभाको हात्ती बनेको माओवादी ११ वर्षको अवधिमै एमालेमा बिलय हुनपुगेको छ । एमाले र माओवादी मिलेको नेकपा अजङ्को राजनीतिक हात्तीपार्टी बन्न पुगेको छ । सत्ता चलाइरहेको यो पार्टीलाई अजंगबहादुर भन्दा फरक पर्दैन किनभने नेकपाले जंगे शैली अपनाएको छ । त्यो १९०३ को जंगे, यो २०७५ को नयाँ जंगे अर्थात अजंगबहादुर ।

केपी ओली असल छन्, टुक्का भनेर हसाउँछन् । प्रचण्ड पनि भावुक छन्, बाजा बजे नाचिदिन्छन्, पीडाका कुरा गरे रोइदिन्छन् । देउवा पनि भट्भटिरहन्छन्, साइलेन्सर नभएको मोटरसाइकल पड्किएजस्तो । उनी पनि व्यक्तिगत रुपमा असल नै हुन् भन्दा फरक पर्दैन । यिनका अनुयायी, यिनले नेतृत्व गरेको पार्टीका नेता कार्यकर्ता सबै असल छन्, सबै देश विकासको चिन्ता गर्छन् । फेरि किन जनताले दुःख पाए । पाउनु पर्ने सेवा पाएनन्, देश विकास भएन त ? किनकि यिनको नैतिकतामा खोट छ ।

राजनीतिज्ञ र पद्धति दुबै असल छन् । खराव यिनको चरित्रमा देखियो । सत्ता, सम्पत्ति र शक्ति यिनको कमजोरी हो । जतिसुकै निन्दनीय होस्, यी कुरामा यिनीहरुको पाइला सल्यात्त सल्यात्त चिप्लिरहन्छ । २४० वर्षभन्दा लामो राजसंस्थाको इतिहास फेरिदियो । ९४ प्रतिशत ओमकार परिवार भएको हिन्दुराष्ट्रलाई धर्मनिरपेक्ष पनि गराइदियो । यति शक्तिशाली नेताहरुले आधारभूत आवश्यकता कसरी सर्वसुलभ पार्ने ? यता विचारै पुऱ्याएनन् । यिनमा नेता हुने विशेषता पर्याप्त छ, नैतिक बन्नुपर्छ, जनआँखामा बिझाउनु हुन्न भन्ने चेत भने पटक्कै छैन ।

राम्रो काम गर्न विदेशीले दिएको पगरी गुथ्नै पर्दैन । नेपाली वीर, योद्धा, देशभक्त, जनताभक्त कति छन् कति । एकथरिलाई निलो रङमात्र मनपर्छ, अर्कोथरिलाई रातोमात्र । स-सानाहरु कसैलाई पहेंलो, कसैलाई छिरबिरे रङ् मनपर्छ । यिनलाई विशेषता नै विशेषता जोडिएको, राष्ट्रिय एकता अर्थात देशको सप्तरंगी इन्द्रेणीजस्तो भेषभूषा मन पर्दैन किनभने त्यसमा रातो, नीलो अथवा एउटामात्र रङ् हुँदैन । जात हेर्ने, देश नहेर्नेहरु यस्तै हुन्छन् ।

## नेपाली...

सम्झौताको सडकमै ओर्लिएर विरोध गरे । तर तत्कालीन नेपाली शासक वर्गले नेपाली राष्ट्रियता र अस्मिताकै धज्जी उडाउँदै भारतीय सेना नेपालभित्र हुलेर क्रान्तिकारी जनताका छातीमा बुट र संगीन बर्जान लगाए । छात्र नेता चिनियाँकाजी, किसान नेता भीमदत्त पन्तहरुको कायरताका साथ हत्या गरियो । विरोधी नेता डा. केआईसिंह सेती खोलामा फलामे रडको हातेसाँघुको सहारा लिँदै चीनतिर शरणमा हानिए । वास्तवमा नेपाली जनताले त्यसबेला राणाको शिरबाट श्रीपेच खोसेर शाहलाई ताजपोसी गर्नका लागि आन्दोलन गरेका थिएनन् । आन्दोलन गणतन्त्रका लागि भएको थियो । तत्कालीन राजा त्रिभुवनले गणतान्त्रिक संविधानको झूटो आश्वासन दिनु तत्कालीन जनआन्दोलनकभो तागतलाई अनुमान गर्न सकिन्छ । आफ्नो शासनको आयु लम्ब्याउने अभिप्रायले मोहन शमशेरले सन् १९५० मा भारतसँग शान्ति तथा मैत्री सन्धि गरेर नेपालमाथि भारतीय हस्तक्षेपको ढोका खोलिदिइसकेका थिए । २००७ सालमा भारतीय ताण्डवको डरलाग्दो आकृति सतहमै देखिएको थियो ।

त्यसबेला नेपाली कांग्रेसले उठाएको संविधानसभाको मागमा कांग्रेस उभिरहन सकेन । २०१५ सालमा तत्कालीन राजा महेन्द्रले संसदीय निर्वाचन गराए । आम निर्वाचनलाई बहिष्कार गर्दै संविधानसभा निर्वाचनका लागि कांग्रेसले राजनीतिक आन्दोलनको उठान गरेको भए सायद स्थिति बदलिन सक्थ्यो । उक्त संसदीय आमनिर्वाचनमा कांग्रेसले निसर्त भाग लियो । दुईतिहाई बहुमत ल्याएर बीपी कोइरालाले कांग्रेसको एकमना सरकार गठन गरे । तर तत्कालीन संविधानको धारा ५५ को सहारा लिएर राजा महेन्द्रले सैनिक बलले 'कु' गरिदिए । उक्त शाही कदमको जनस्तरबाट विरोध त भयो तर खासै आन्दोलन भने भएन । बीपी, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंहहरुलाई थुनेर राजा महेन्द्रले शाही निरंकुश शासनको आरम्भ गरे ।

नेकपाका तत्कालीन महासचिव केशरजंग रायमाझी, कांग्रेसका महामन्त्री तुलसी गिरी, विश्वबन्धु थापा, कमलराज रेग्मी, परशुनारायण चौधरी, डीपी अधिकारी, सूर्यबहादुर थापा लगायतका कांग्रेस र कम्युनिस्टका हस्तीहरुलाई राजा महेन्द्रले दरबार छिराए । राजनीतिक दलहरुमाथि प्रतिबन्ध लगाएर निर्विकल्प पञ्चायती व्यवस्थाको नेतृत्व गर्दै निरंकुश शाही शासनको कालरात्रि सुर गरे महेन्द्रले । 'गाउँ फर्क राष्ट्रिय अभियान' हुँदै पञ्चायत नीति तथा जाँचबुझ समितिसम्म आइपुग्दा पञ्चायती शासन कुशासनमा परिणत भइसकेको थियो । २०२८ सालमा पञ्चायती शासनविरुद्ध पूर्वेली वामपन्थी युवाहरुले हतियार नै उठाए । यसअघि कांग्रेसले जनकपुरमा वाम विस्फोटदेखि ओखलढुंगा काण्ड मच्चाइसकेको थियो । पार्टीमाथि पावन्दीका कारण दलीप्य संघर्ष भूमिगत रुपमा छिटपुट भइरहे । तर तिनले उचाइ ग्रहण गर्न भने सकेनन् । कांग्रेस र कम्युनिस्टलाई फुटाएर दरबार अझ शक्तिवान बन्न सफल भयो ।

०३६ सालको विद्यार्थी आन्दोलन, जनमतसंग्रहको घोषणा, २०४६ सालको जनआन्दोलन र दशक लामो माओवादी जनयुद्ध र ०६२।६३ सालको वसन्त आन्दोलनको भार देशले खेप्नुपऱ्यो । नेकपा माओवादीको नेतृत्वमा संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी व्यवस्था स्थापना गर्न २०५२ फागुन १ बाट सशस्त्र जनयुद्धको आरम्भ भयो । गाउँले सहरलाई घेर्दै केन्द्रीय सत्ता कब्जा गर्ने दीर्घकालीन सशस्त्र छापामार युद्धले नेपालको कम्युनिस्ट आन्दोलनमा नयाँ तरंग मात्र ल्याएन, विश्वव्यापी रुपमा यसले काफी चर्चा समेत पायो । जनयुद्धप्रति खासगरी तृणमूल जनता आकर्षित भए र यसले चाँडै उचाइ ग्रहण गर्दै देशव्यापी रुपमा प्रभाव स्थापित गऱ्यो । यस जनयुद्धमा १७ हजार ८ सय ३१ जनाले ज्यान गुमाए । १ हजार ५ सय १७ बेपत्ता पारिए । ८ हजार १ सय ९१ अंगभंग भए, ५ सय बालबालिका अनाथ र ७२ हजार बढी मानिसहरु विस्थापित भए । २००७ सालअघि र पछि निर्माण भएका अरबौंका भौतिक संरचनाहरु पनि नस्ट भए । जनयुद्धले संसदीय कित्तामा ठूलै रेक्टर स्केलको भूकम्प ल्याइदियो । सर्वहारा, गरिब किसान, आदिबासी जनजाति, पिछडावर्गदेखि महिलाहरुले जनवादी व्यवस्था स्थापनाका खातिर रगत र पसिना बगाए । नेतृत्वमा आएको वैचारिक विचलनले जनयुद्धलाई संसदीय व्यवस्थासँग सम्झौता गरायो । माओवादीका प्राधिकार मानिएका प्रचण्डले अन्ततः २०६२ मंसिर ५ गते नयाँ दिल्लीमा १२ बुँदे सम्झौता गरी भारतीय शासन वर्गलाई साक्षी राख्दै जनयुद्धको भारी बिसाइदिए । प्रचण्डले बहादुरीका साथ संसदीय व्यवस्थामा छलाङ मारेपछि माओवादी आन्दोलन उठ्नै नसक्ने गरी थला पऱ्यो । यद्यपि संविधानसभा, गणतन्त्र, संघीयता, समानुपातिक र समावेशितालाई भने दशक लामो जनयुद्धले नेपालमा स्थापित गरेर छोड्यो । माओवादी जनयुद्धकै जगबाट ०६२।६३ मा वसन्त आन्दोलन दन्कियो र देशमा युगीन केही परिवर्तनहरु सम्भव भए ।

नेपाली जनताले सशस्त्र युद्ध लडेको तत्कालीन माओवादीलाई वैकल्पिक राजनीतिक शक्तिको रुपमा स्वीकार गर्दै सत्ताको नेतृत्वसम्म पुऱ्याए । शान्ति प्रक्रियामा माओवादी आएपछि यो पार्टी पनि फुट र जुटको कम्युनिस्ट आन्दोलनको श्रृंखलाबाट टाढा रहेन । संसदीय व्यवस्थामै अवतरण गर्नु थियो भने जनयुद्धको उपादेयता र आवश्यकता किन ? भन्ने प्रश्न उठ्नु स्वाभाविक थियो । माओवादी अध्यक्ष प्रचण्डमा आएको आत्मसमर्पणवादी र लम्पसारवादी चिन्तनले माओवादीलाई 'अनाथ' जस्तै बनाउँदै लग्यो । माओवादी नेतृत्व सत्ताको रस्साकस्सीमा यति लिप्त भयो कि उसले हिजो क्रान्तिमा साथ दिएका जनतालाई बिर्सिदियो । बिप्पा सम्झौतादेखि विदेश मामिलामा भारतको साथमा रहन माओवादी नेतृत्व सहमत हुँदै ल्याप्चे ठोक्न पछि परेन । यसले नेपाली राष्ट्रियतालाई नै कमजोर बनायो । अन्ततः माओवादीभित्रको क्रान्तिकारी धारले संस्थापन पक्षसँग पिण्डपानी छुटाउँदै पार्टीलाई पुनर्गठनको बाटोमा लग्यो । आखिर पुनर्गठनको सग्लो रुप नेपाल कम्युनिस्ट पार्टी (विप्लव नेतृत्व) नेपाली राजनीतिमा सशस्त्र विकल्पका रुपमा देशव्यापी रुपमा अहिले खडा भएको छ ।

कांग्रेस कम्युनिस्ट लगायत संसदवादी दलहरुले अब नेपालमा राजनीतिक क्रान्ति सकिएको पालो आर्थिक क्रान्तिको भनेर दाबा गरिरहेका छन् । अहिले त झन् नेकपा नेतृत्वको दुईतिहाई बहुमतको सरकार छ । कम्युनिस्टको खास्टो ओढेर एकपटक नेपाली जनतालाई छक्याउन प्रचण्ड र केपी ओली सफल भएका छन् । प्रचण्डको २१ औं शताब्दीको जनवाद र माओवादी एवं ओलीको बहुदलीय जनवाद अन्तरघुलनबाट जन्मिएको नेकपा मयुरको प्वाँखवाला कौवा भन्ने कुरा नेपाली जनताले बुझिसकेका छन् । दुईतिहाई बहुमतको कथित कम्युनिस्ट सरकारले संसदबाट संविधानका सम्पूर्ण धाराहरु संशोधन गर्दै समाजवादी व्यवस्था लागू गर्न किन सक्दैन ?

५० अर्बमाथिका योजना परियोजनाहरु प्रधानमन्त्री मातहत ल्याएर बिना प्रतिस्पर्धा ठेक्का लगाउने खेलभित्र कमिसनको घनचक्कर छ भन्ने कसलाई थाहा छैन ? दूरदराजका जनता बिरामी हुँदा सिटामोल, जीवनजल खान नपाएर अनाहकमा मृत्युवरण गर्न विवश छन् । तर कथित कम्युनिस्ट सरकार वाइड बडी विमान खरिदका अरबौं कसिमन खाएर रमाइरहेको छ । भ्रष्टाचार र महँगीले जनता कुप्रो परेका छन् । नागरिक सुरक्षाको स्थिति भयावह छ । सरकार त जनताको अभिभावक कहलाइन्छ तर नेकपा नेतृत्वको सरकार जनताको नभएर शोषक, सामन्त र दलाल पुँजीपतिहरुको हित प्रबर्द्धनमा तल्लीन छ । जनता त सिर्फ सत्ता चढ्ने भऱ्याङ मात्र भएका छन् । गरिब झन् गरिब बन्दै जाने र धनी अझ धनी बन्दै जाने वर्तमान परिपाटीले वर्गसंघर्षलाई अनिवार्य बनाएको छ ।

## जर्मन...

नेपाल सरकारका मन्त्रीहरु सहभागी भएको उक्त कार्यक्रममा काठमाडौंस्थित विदेशी राजदुतहरु, सरकारका उच्च पदस्थ कर्मचारीहरु, विभिन्न दलका नेताहरुको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रमको शुरुमा नेपालका लागि जर्मन राजदुत महामहिम रोलाण्ड सेफरले सबै आमन्त्रित वर्गलाई कार्यक्रममा स्वागत गर्दै उक्त कार्यक्रम आयोजना गर्न सहयोग पुऱ्याउने सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । यस्ता कार्यक्रमहरुले नेपाल जर्मनबीचको सांस्कृतिक सम्बन्धलाई अझै गाढा बनाउने भएको हुँदा दुतावासले बेलाबखत यस्ता कार्यक्रम आयोजना गर्दै आएको बताउनु भयो । कार्यक्रममा यस पत्रिकाका प्रकाशक तथा नेपाल जर्मन एकेडेमिक एसोसियसनका निवर्तमान अध्यक्ष सुरेन्द्र ढकाल, वर्तमान अध्यक्ष डा. रमेश मास्के, पूर्व अध्यक्ष डा. रोशाना श्रेष्ठ तथा सचिव रुपेश श्रेष्ठ समेत आमन्त्रित हुनुहुन्थ्यो ।

## जापानले...


गरेको थियो । अन्तर्राष्ट्रिय श्रम संगठनको मापदण्ड अनुसार श्रम सम्झौता गर्ने नेपालको तयारी छ । जसका लागि जनवरीको अन्तिम साता जापानको टोली नेपाल आउने र औपचारिक श्रम सम्झौता हुँदैछ । जापानले नर्सिङ, केयरगिभर, रेष्टुराँ, निर्माण लगायतका १४ क्षेत्रका लागि विदेशी कामदार भित्र्याउने नीति लिएको छ । जापानले आगामी पाँच वर्षभित्र साढे तीन लाख कामदार भित्र्याउने योजना बनाएको छ । कामदार लैजाने जापानी सरकारले सन् २०१९ का लागि १६ अर्ब तीन करोड जापानी येन बजेट छुट्याएको छ । कम्तीमा तीन लाख ४५ हजार एक सय ५० विदेशी कामदारलाई रोजगारी भिसामा भित्र्याउने जापानको लक्ष्य छ । जसअन्तर्गत २५ हजारदेखि ३० हजारसम्म नेपाली कामदार आपूर्ति गर्न जापानले आग्रह गरेको छ ।

## फ्रि तिब्बत...

एक चीन नीतिसँग समेत चीन विश्वस्त छैन । यस्तै परिवेशमा चीनले नेपालमा युवा कूटनीतिज्ञलाई राजदूत बनाएर पठाएको छ । नेपालका लागि नवनियुक्त चिनियाँ राजदूत हुन् हाउ यान्छी । उनी अनुभवी कूटनीतिज्ञ मानिन्छन् । चीनले हाउलाई राजदुत पठाएसँगै दलाई लामाको धर्मशालास्थित निर्वासित सरकारका प्रमुख लोप्साङ साङ्गेले आफ्ना पूर्वअर्थमन्त्री थिन्ले ग्यात्सोलाई तिब्बती शरणार्थी आन्दोलन चर्काउन नेपाल पठाएको थाहा भएको छ । थिन्ले तिनै व्यक्ति हुन् जसले दलाई लामाको लाजिम्पाटस्थित अघोषित राजदूताबास खाङसारको विगतमा प्रतिनिधित्व गरेका थिए । सन् २००८ मार्च ४ मा तिब्बतमा भएको विद्रोह बौद्धमा एक शरणार्थीले गरेको आत्मदाह तथा फ्रि तिब्बत लेखिएका टि सर्ट र क्याप लगाएर गरिएका विरोध प्रदर्शन थिन्लेकै ग्रान्ड डिजाइन थिए । जनवरीदेखि फेरि तिब्बती शरणार्थी आन्दोलन चर्काउने थिन्लेको योजनालाई नयाँ राजदूत हाउले कसरी सामना गर्ने हुन् यो मुख्य चुनौती छ ।

# कार्लमार्क्सबारे रोचक तथ्य

कार्लमार्क्स (जन्म १८१८-मृत्यु १८८३) एक जर्मन दार्शनिक थिए । उनी अर्थशास्त्री, साहित्यकार र पत्रकार पनि थिए । यी सबै कुराभन्दा पनि उनी एक क्रान्तिकारी राजनीतिक नेता थिए ।



उनको सोच भनेको मानव समाजमा आमूल परिवर्तन ल्याउनु थियो । यसका लागि उनी समानताको समाजको खोजीमा समग्र जीवन अर्पण गरे । यसका लागि अध्ययनको असीम गहिराइमा पसे । उनले अविराम अध्ययनबाट समाजवादी तथा साम्यवादी व्यवस्थाको बाटो पहिल्याए र त्यसका खातिर अघि बढ्ने मार्गदर्शक सिद्धान्त वा वर्गसंघर्षको प्रतिपादन गरे ।

वर्गसंघर्षको दर्शन निर्माणमा मार्क्सको पहिलो खोज भनेको पुँजीवादी व्यवस्थाअन्तर्गत मजदुरहरूको सिद्धान्त हो । त्यसमा पनि पहिलो कुरा भनेको उत्पादन नै हो, जो पुँजीपति वर्गको हातमा छ । दोस्रो भनेको उत्पादन प्रक्रिया हो, त्यो पुँजीपति वर्गको स्वार्थअनुसार चलाइन्छ । र, तेस्रो भनेको मजदुर आफैं हो, जो अरूका लागि काम गरिदिन्छ र ऊ आफैंमा ठगिएको छ । यहीँनेरबाट श्रम शोषण हुन गएको छ ।

दोस्रो महत्वपूर्ण खोज भनेको ऐतिहासिक भौतिकवादको व्याख्या हो । यो भनेको मानव समाजको समग्र इतिहासको वस्तुवादी व्याख्या हो । यसअन्तर्गत मानव समाजको सिलसिलेबार वस्तुगत चरणहरूको व्याख्या गरेका छन्, जस्तै- आदिम साम्यवाद, दास युग, सामन्ती युग, पुँजीवादी युग, समाजवादी युग र साम्यवादी युग ।

उनले सबैभन्दा बढी जोड पुँजीवादी युग अध्ययनमा लगाएका छन् । यो भनेको मार्क्सले भनेझैं वर्तमानको व्याख्या र त्यसमा ल्याउनुपर्ने आमूल परिवर्तन वा ससमाजवादी परिवर्तनको सिद्धान्त प्रतिपादन हो ।

तेस्रो महत्वपूर्ण खोज भनेको समाज परिवर्तनको उपाय, विधि र प्रक्रिया हो । त्यो भनेको वर्गसंघर्षको खोज हो । यसबारे अध्ययन गरेर मार्क्स समाजको चरित्र वर्गीय हुने निचोडमा पुगे । उनले समकालीन समाजमा हुने विपरीत वर्गबीच निरन्तर संघर्ष चलिरहने बताए ।

उनको व्याख्यामा आदिम साम्यवादमा कुनै पनि वर्गीय अन्तरविरोध थिएन । तर, समाज विकासको दोस्रो चरणमा आइपुगेपछि दास युग सुरु भयो र दास तथा मालिकबीच वर्गसंघर्ष प्रत्यक्ष र अप्रत्यक्ष रूपमा चल्दै गयो । त्यसपछि पनि समाजमा आमूल परिवर्तन आउन सकेन बरु समाजको रूपान्तरण सामन्ती युगमा भयो ।

त्यहाँ भूमिपति र भूदासका बीचमा वर्ग संघर्ष चल्यो । त्यसले समाजलाई त्यही अवस्थामा रहन नदिई पुँजीवादी युगमा रूपान्तरण गऱ्यो । पुँजीवाद स्थापना भयो । यो हामी बाँचेको वर्तमान हो । यसमा पुँजीपति र मजदुर वर्गबीच वर्गसंघर्ष चलिरहेको छ । मार्क्सका अनुसार समाजवादी समाजमा पनि वर्ग रहने भएकाले त्यहाँ वर्गसंघर्ष निरन्तर चलिरहन्छ । वर्ग अन्त्यको सँगसँगै राज्यको पनि विलापीकरण गरिने भएकाले साम्यवादमा भने वर्गसंघर्ष हराएर जान्छ भनेका छन् ।

चौथो खोज भनेको कम्युनिस्ट घोषणापत्र हो । यो नै मार्क्सका सबै खोजहरूको संश्लेषण हो । यसमा मार्क्सले खोज अध्ययन, अनुसन्धान गरेका र लेखेका सबै कृतिहरूको सार छ । यो वर्गसंघर्षको संश्लेषित दस्तावेज हो । यो मार्क्स-एंगेल्सको अथक प्रयासको परिणति पनि हो । यो हालसम्म मानवले निर्माण गरेको सर्वोत्कृष्ट पाण्डुलिपि पनि हो । मार्क्सले निन्दा गरेका वर्ग दुस्मनहरूले पनि यसको सह्राना गर्छन् ।

पाँचौं खोज भनेको उनको दास क्यापिटल अर्थात् पुँजी नामक कृति हो । त्यसमा समकालीन समाजको यति सटिक व्याख्या गरिएको छ कि त्यो आफैंमा अकाट्य र सर्वस्वीकार्य छ । यसमा मार्क्सले पुँजी निर्माणदेखि शोषणका सबै रूप, समाजवाद र साम्यवादका आर्थिक आधार तथा धरातलहरूको सपाट व्याख्या गरेका छन् । यसबाट श्रम के हो र पुँजीसँग यसको सम्बन्ध के र कस्तो रहन्छ भन्ने ज्ञान दिएर ठूलो भ्रम साफ गरेका छन् ।

छैटौं उपलब्धि भनेको मार्क्स आफैं पहिलो अन्तर्राष्ट्रिय स्तरको नेतृत्वकर्ता थिए । उनले पहिलो इन्टरनेसनललाई साम्यवाद प्रचारको साधन बनाएका थिए । उनको विचारमा दोस्रो इन्टर नेसनल संगठन निर्माणको र तेस्रो इन्टरनेसनल संघर्षको नेतृत्वकर्ताको भूमिकामा हुनुपर्थ्यो । उनी त्यतिबेला अराजकतावादी मिखाइल बाकुनिनका विरुद्ध वैचारिक लडाइँ लडेका थिए ।

सातौं खोज भनेको मार्क्स आफैंमा आधुनिक समाज शास्त्रका जन्मदाता हुन् । समाज विज्ञान आफैंमा एक जटिल कुरा हो । यो अन्य विज्ञानजस्तो विशुद्ध र आंशिक पनि हुँदैन । यसको व्याख्या समग्रमा हुनुपर्छ । बरु यो समाज विज्ञानले अन्य सबै विज्ञानहरूको अगुवाइ, अभिभावकत्व र नेतृत्व गर्दछ ।

## कोसी...

बाँधको अंग बनाइएको थियो । सन् २०१२ मा नेपाल र भारतको मन्त्रिस्तरीय संयुक्त वक्तव्यमा सन् २०१३ सम्ममा विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने उल्लेख छ । नेपाल आफैंले जापानको सहयोगमा अध्ययन गराउने भनिए पनि भारतकै मागअनुसार भारतीय कम्पनीबाट डीपीआर भइरहेको छ । तर स्थानीयको चर्को विरोधका कारण डीपीआर निर्माणले गति लिन सकेको छैन ।

भारत भ्रमणका क्रममा प्रधानमन्त्री केपी ओली र भारतीय समकक्षी नरेन्द्र मोदीले ७ अप्रिल २०१८ मा जारी गरेको संयुक्त वक्तव्यमा कृषिमा साझेदारी, नेपाल भारत रेल कनेक्टिभिटी र जलमार्गमा समुद्रसम्म नेपालको कनेक्टिभिटीलाई विशेष जोड दिइएको छ । ओलीले अघिल्लो पटक प्रधानमन्त्री हुँदा 'नेपालको झन्डावाला पानीजहाज समुद्रमा चलाइनेछ' भनेका थिए । पछिल्लो पटक भारत भ्रमणमा ओली जाँदा भारतीय प्रम मोदीले 'सगरमाथादेखि सागरसम्म' जलमार्गको कनेक्टिभिटीमा समर्थन जनाएसँगै कोसी उच्च बाँधले चर्चा पाएको छ । कोसी सम्झौता हुँदा जलमार्गको विषय बुँदा १० मा उल्लेख गरिएको छ । नेपालको समुद्रसँगको जलमार्ग पहुँचका लागि भारतले सन् १९८६ मा लागू गरेको राष्ट्रिय जलमार्ग नम्बर १ अन्तर्गतको हल्दिया पटना खण्ड सञ्चालनमा आउनुका साथै भारतको नेपालप्रतिको नीतिमा परिवर्तन आउनु आवश्यक छ । नेपालको जलमार्गको पहुँच समुद्रसम्म पुग्दा र भारतले इमानदारीपूर्वक अन्तर्राष्ट्रिय कानुन र असल छिमेकीको व्यवहार गरे मात्र नेपालको आर्थिक विकासमा सहयोग पुग्छ ।

भारत जलमार्गको पहुँचसँग जोडेर भए पनि कोसी उच्च बाँधमा नेपाललाई सहमत गराउन खोजिरहेको छ । नेपाललाई न्यून लगानीमा समुद्रसम्म जलमार्गको पहुँच ग्यारेन्टी नगरी भारत कोसीमा उच्च बाँध कस्न खोजिरहेको छ । भारतको विगतको व्यवहार र चिन्तन हेर्दा कोसी उच्च बाँध निर्माण अगाडि बढ्ने तर नेपाललाई जलमार्गको पहुँच नदिने सम्भावना प्रबल छ । नेपाललाई लोभ्याएर धम्क्याएर र प्राविधिक रुपमा छक्याएर दीर्घकालीन रुपमा असर पुग्ने गरी सन्धि सम्झौता गराउन भारत विगतदेखि नै खप्पिस रहँदै आएको छ । नेपाल बंगलादेशबीच १६ किमी लम्बाइको भूमिगत ग्यास पाइप, इन्धन पाइप बिछ्याउन समेत भारतले सहमति दिएको छैन ।

## साढे ४ अर्ब...

ठहर गरेको छ । छानबिन समितिले घोटालामा संलग्न भएको भन्दै दुई जना पूर्व मन्त्रीसहित संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई कारबाहीको सिफारिस गरेको छ । पूर्व मन्त्रीहरु जितेन्द्रनारायण देव, जीवनबहादुर शाही, वहालवाला मन्त्री रविन्द्र अधिकारीका साथै महाप्रबन्धक सुगतरत्न कंसाकार गृहसचिव प्रेमकुमार राई, पर्यटन सचिव कृष्णप्रसाद देवकोटा र पूर्वसचिव शंकर अधिकारीसमेत कारबाहीको सिफारिसमा परेका छन् ।

प्रतिवेदनअनुसार विमानको लागत अनुमान र खरिद मूल्यमा भएको २ करोड ३६ लाख अमेरिकी डलर, कबोल गरिएको मूल्यमा वृद्धि गरेर भुक्तानी गर्दा ६८ लाख डलर नोक्सानी भएको उल्लेख छ । त्यस्तै विमानको भारवहन क्षमता घटाउँदा ८४ लाख अमेरिकी डलर र विमान निरीक्षण गर्न जाँदा भएको खर्च १ करोडसहित कुल चार अर्ब ३५ करोड ५६ लाख रुपैयाँ अनियमितता भएको प्रतिवेदनमा उल्लेख छ ।

निगमले किनेका दुई विमानको एयरबसलाई भुक्तानी दिएको वास्तविक रकम प्राप्त भएपछि भ्रष्टाचारको भोलुम अझै बढ्ने देखिन्छ । नेपाल वायु सेवा निगममा भएको आर्थिक अनियमितताको अहिले चौतर्फी रुपमा भण्डाफोर भइरहेको छ । सामाजिक सञ्जालहरुमा सर्वसाधारणले भ्रष्टाचारीहरुको उछित्तो काढ्ने गरी प्रतिक्रिया व्यक्त गरेका छन् भने राष्ट्रिय सञ्चार माध्यमहरुमा प्रमुख समाचारको रुपमा यसै प्रकरणका समाचार छापिएका छन् । संसदीय समितिको छानबिन प्रतिवेदनसँगै मन्त्री रविन्द्र अधिकारी नैतिक संकटमा परेका छन् । उनले प्रतिवेदन आश्चर्यजनक रुपमा आएको भनेका छन् । संसदीय समितिलाई उनले ढाँटेको पोल महालेखा नियन्त्रक टंकमणि शर्माले खोलिदिएपछि मन्त्री अधिकारी संकटमा परेका छन् ।

नेपाल टेलिकमको प्रबन्ध निर्देशक हुँदा ठूलै भ्रष्टाचारीको रुपमा कहलिएका सुगतरत्न कंसाकारलाई नेवानिको साँचो ताला बुझाउँदा उनले त्यहाँ अर्को काण्ड मच्चाइदिएका छन् । अहिले बिना व्यापारिक योजना वाइड बडी जहाज भित्र्याएका कारण दैनिक डेढ करोड रुपैयाँ निगमलाई छुट्टै घाटा लागिरहेको छ । सत्तामा बस्ने ठूला भ्रष्टाचारीको क्रिडाभूमि बन्दै आएको नेवानिको घोटाला छानबिन गर्न अख्तियारले तत्काल सक्रियता देखाउन आवश्यक छ । दश, बीस हजार घूस खाने भ्रष्टाचारीलाई रंगेहात गिरफ्तार गर्ने अख्तियारले साढे चार अर्ब भ्रष्टाचार गर्ने ठूला भ्रष्टाचारीलाई कारबाही गर्न सक्छ या खुट्टा कमाउने हो त्यो भने हेर्न बाँकी नै छ ।

## व्यापार घाटा...

व्यापारघाटा चुलिँदै जाने अवस्थामा रहेको तथ्यांकले देखाएको छ । आयात प्रतिस्थापन गर्न सरकारसँग कुनै योजना नहुनु, स्थानीय उत्पादनले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नसक्नुले आयात दिनानुदिन बढ्दै गएको छ । केन्द्रका अनुसार यस अवधिमा सबैभन्दा धेरै ८५ अर्ब २६ करोडको पेट्रोलियम पदार्थ, ७० अर्बको मेशिनरी तथा पार्टस, ६९ अर्ब ३६ करोडको फलाम तथा स्टिल र तिनका उत्पादन, ४९ अर्ब ८४ करोडको यातायातका साधन, २५ अर्बको विद्युतीय सामग्री, १६ अर्बको औषधि आयात भएको छ । यस्तै २० अर्बको दूरसञ्चार सामग्री १७ अर्ब ७३ करोडको सुन, ६ अर्ब ९१ करोडको चाँदी, १३ अर्ब ५० करोडको सिमेन्ट क्लिङकड र २३ अर्ब ४३ करोडको खाद्यान्न आयात भएको छ । आयात बढ्दै गएपछि सात महिनामा मुलुकको व्यापारघाटा १९.१ प्रतिशतले बढेर ६ खर्ब १३ अर्ब ७२ करोड पुगेको केन्द्रको तथ्यांकले देखाएको छ ।